ehetaudasandesh.com
२५औं वर्ष
हेटौंडा राष्ट्रिय दैनिक
# सन्देश
प्रदेश "क" वर्ग
Hetauda Sandesh Daily
वर्ष: २५ ॥ अंक: ३०० ॥ मंगलबार ०८ बैशाख २०८३ ॥ तृतीया ॥ ने.सं. ११४६ ॥ चौलागा ॥ Tuesday 21 April 2026 ॥ पृष्ठ : ४ ॥ मूल्य: रु.३/-

## कार्की आयोगको प्रतिवेदनमाथि गगन थापाको असन्तुष्टि, निष्पक्ष छानबिनको माग

सन्देश संवाददाता

हेटौंडा/गगनकुमार थापा, नेपाली कांग्रेसका सभापतिले गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनको छानबिनका लागि गठित कार्की आयोगको प्रतिवेदन अपूरो र पूर्वाग्राही भएको बताएका छन्।

सोमबार हेटौँडामा आयोजित नेपाली कांग्रेस बागमती प्रदेशस्तरीय निर्वाचन समीक्षा कार्यक्रममा बोल्दै सभापति थापाले उक्त घटनाबारे सत्यतथ्यमा आधारित, स्वतन्त्र र निष्पक्ष अनुसन्धान हुनुपर्नेमा जोड दिए।

गत फागुन २१ गते सम्पन्न निर्वाचनमा पार्टीको पराजयसम्बन्धि समीक्षा गर्दै उनले नयाँ सरकारले गैरकानुनी सम्पत्ति आर्जन तथा भ्रष्टाचारका विषयमा अनुसन्धान गर्दा कानुन, नियम र विधि प्रक्रियाअनुसार अघि बढ्नुपर्ने बताए। उनले कसैप्रति पूर्वाग्रही व्यवहार नगर्न आग्रह गर्दै विधिको शासन सबैले प्रधानमन्त्री सहित पालना गर्नुपर्ने उल्लेख गरे।

यसै कार्यक्रममा नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले पार्टीका क्रियाशील सदस्यहरूले नयाँ जिम्मेवारी ग्रहण गर्दै डिजिटल प्रविधिको प्रभावकारी प्रयोगमार्फत पार्टीका नीति तथा सिद्धान्त जनस्तरसम्म पु-याउनुपर्ने आवश्यकता औँल्याए।

# 'निर्वाचनबाट गतिलो पाठ सिकेका छौं'–थापा




सन्देश संवाददाता

हेटौंडा/नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले फागुन २१ गते सम्पन्न निर्वाचनबाट अवसर, चुनौती र पाठ सिक्न पाएको बताएका छन्।

हेटौंडामा सोमबार भएको नेपाली काग्रेस बागमती प्रदेशस्तरीय निर्वाचन समीक्षा कार्यक्रमलाई सम्बोधन गर्दै सभापति थापाले निर्वाचनमा हारजीत स्वभाविक प्रक्रिया भएता पनि अब कांग्रेसले राष्ट्रिय राजनीतिमा आफ्नो स्थान स्थापित गर्नुपर्नेमा जोड दिए। उनले नेपाली काग्रेसले अव निर्वाचनको सानो घेरामा नबसी त्यसभन्दामाथि उठ्ने बेला भएको भन्दै कार्यकर्तालाई तयारी अवस्था रहन उनले आग्रह गरे। मुलुकमा विधिको शासन स्थापित गर्ने विषयलाई कांग्रेसले संधै प्राथमिकतामा राखेको बताउदै हामी पनि सुध्रिएर अगाडि बढ्नुको बिकल्प नभएको उनको भनाई थियो

भविष्यमा आफुमाथि नै सरकारले अनुसन्धान गर्न खोज्दा कांग्रेसका कोही नेता, कार्यकर्ताले पार्टी सभापतिमाथि अनुसन्धान गर्न पाईदैन भनेर नभन्न उनले आग्रहसमेत गरे। सभापति थापाले विधिको शासनमा व्यक्तिले कानुन मान्दै गर्दा राज्यले पनि कानुन मान्नुपर्ने उल्लेख गरे। गौरीबहादुर कार्की आयोगको प्रतिवेदन अपूर्ण, बदनियत र प्रतिशोधपूर्ण रहेकोले भदौ २४ गते बारे उच्चस्तरीय न्यायिक छानबीन आयोग बनाउनुपर्ने उनले सरकारसंग मागसमेत गरेका छन्।

सभापति थापाले पार्टीभित्र सबैलाई मिलाएर लैजाने आफ्नो जिम्मेवारी रहेकोले आगामी दिनमा सबै गुटउपगुटलाई बिर्सेर सबैलाई मिलाएर लैजाने प्रतिबद्धतासमेत व्यक्त गरे। चुनावी समीक्षा कार्यक्रममा उनले पार्टीका शीर्ष नेताहरुसंग कुराकानी सुरु गरेको जानकारी गराए। पार्टीमा वृहत्तर एकताका लागि नेताहरुसंग संवाद र सहकार्यमा कमि हुन नदिने पनि उनको भनाई थियो।

पार्टीमा लेबी तिरेर सदस्यता लिएर चुनावको बेला भोट अर्कै पार्टीलाई हाल्नेहरु कांग्रेसी हुन नसक्ने उनको जिकिर थियो। चुनावमा मत बदल्ने शुभेच्छुकहरुलाई पनि भेट्न उनले आग्रह गरे। सभापति थापाले पार्टी भन्दा बाहिर रहेका नयाँ युवा पुस्तालाईसमेत पार्टीमा जोड्न् सबैले कसरत गर्नुपर्ने बताए। कांग्रेसलाई अब ००७ सालको जस्तो क्रान्तिकारी चेत, ०४६ सालको जस्तो लोकप्रिय पार्टी र ७० सालको जस्तो भरासायोग्य पार्टी बनाउनुपर्ने आवश्यकता रहेको उनले बताए।

कार्यक्रमलाई सम्बोधन गर्दै पार्टीका महामन्त्री प्रदिप पौडेलले कांग्रेसलाई बलियो बनाउन कांग्रेसलाई बदलेको बताए। रुपान्तरित समाजको एजेण्डालाई कांग्रेसले आत्मसात गर्नुपर्नेमा उनको जोड थियो। यसैगरी अर्का महामन्त्री गुरुराज घिमिरेले सर्वोच्च अदालतको फैसलाबाट पार्टीभित्रको महाधिवेशनको सर्वोच्चता स्थापित भईसकेको जानकारी गराउदै अव कुनै शंक उपशंका नगर्न आग्रहसमेत गरे। उनले विशेष महाधिवेशनबाट कांग्रेसको नेतृत्व हस्तान्तरण मात्र नभई पुस्तान्तरणसमेत भएको स्पष्ट पारे।

नेपाली काग्रेसका बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाको सभापतित्वमा भएको समिक्षा कार्यक्रममा नेपाली कांग्रेस लड्दै उड्दै गरेको पाटी भएकोले अवका दिनमा एकढिक्का भएर अघि बढ्नुको बिकल्प नभएको बताए।

बागमती प्रदेश कार्यसमितिको व्यवस्थापनमा भएको समीक्षा कार्यक्रममा प्रदेशका ३३ वटै क्षेत्रका उम्मेदवारलगायत जिल्ला सभापतिहरुले काग्रेसभित्रको फोहरहरु पखाल्न नेतृत्वलाई आग्रह गर्दै आ-आफनो धारणा राखेका थिए।

गत माघ २१ गते सम्पन्न संघीय निर्वाचनमा उमेदवार बनेका अधिकांश नेताहरुले नेपाली काग्रेसको क्रियाशिल सदस्य बराबर पनि मत नआएको भन्दै यस बिषयमा दलभित्र गम्भीर छानविन गर्न उनीहरुले पार्टी सभापति थापासंग माग गरेका थिए।

### "क्रियाशिल सदस्यले धोखा दिए"

सन्देश संवाददाता

हेटौंडा/नेपाली कांग्रेस बागमती प्रदेशले सोमबार हेटौंडामा आयोजना गरेको निर्वाचन समिक्षा कार्यक्रममा अधिकांश पराजित नेपाली काग्रेसका अधिकांश उमेदवारहरुले आफुले बिजय प्राप्त गर्न नसक्नुमा कार्यकर्तालाई दोष दिदै आक्रोश पोखेका छन्।

गत फागुन २१ गते सम्पन्न संघीय सभा निर्वाचनमा सहभागि उमेदवारहरुले आफु पराजित हुनुको कारण क्रियाशिल सदस्यहरुले पनि रुख चिन्हमा मत नहालेकोले पराजय हुनु परेको बताएका थिए।

ति उमेदवारहरुमध्ये कसैले पनि मैले कार्यकर्ताको मनोभावना बुझ्ने कोशिस गरेको, स्थानीयबासीसंग घुलमिल कम भएको वा कार्यकर्ताको काममा लागेको वा आफुहरु केवल केन्द्रीय नेताहरुको वरपर घुम्ने जस्ता कारण मेरो कमजोरीकै कारण क्रियाशिल कार्यकर्ताले अन्य चिन्हमा मतदान गरेको भन्ने वास्तविक कुरा भने बताउन चाहेनन्।

बक्ताकारुपमा एक नेत्रीले आफ्नै पर्सनल असिष्टेण्डले पनि उनको स्टाटसमा लाईक नगरेकोमा रोषसमेत प्रकट गरिन्।

सुध्रिएको काग्रेस भनेर नारा लगाईएता पनि काग्रेसका नेताहरुमा अझै पनि अहम्ता र चेत नखुलेको भन्दै एक काग्रेसी नेताले भने- नेताले जहा जहा भोट हाल भने त्यही हालियो, उनीहरुले अर्को चुनाव चिन्हमा हाल भन्यो हामीले हाल्यौ तर यस पटक हामीले हाल्यौ अनि उनीहरुलाई टाउको दु:खाई किन ? नेताहरुलाई निर्वाचनमा जिताएर पठाएपछि उनीहरु फर्केर गाउ जादैनन अनि संधै उनीहरुले हामीलाई दास ठान्ने कहिलेसम्म ?

वीरगञ्ज सडक विस्तारको प्रभाव:

## विद्युत् र खानेपानी अभावले वीरगञ्जवासीको जनजीवन कष्टकर



सन्देश संवाददाता

वीरगञ्ज/सडक विस्तारका नाममा पूर्वतयारीबिनै संरचना भत्काउँदा वीरगञ्ज मेनरोडका सर्वसाधारणको दैनिक जीवन कष्टकर बनेको छ। विद्युत्, इन्टर–नेट, टेलिफोन र खानेपानीजस्ता आधारभूत सेवाको वैकल्पिक व्यवस्था नगरी गरिएको कारबाहीप्रति स्थानीयले तीव्र असन्तुष्टि जनाएका छन्।

सडक विस्तारका क्रममा लाइन र पाइप काटिँदा नेपाल विद्युत प्राधिकरणको आपूर्ति प्रभावित भई तीन दिनसम्म विद्युत् सेवा अवरुद्ध हुने अवस्था सिर्जना भएको छ। तर, यसको विकल्प नदिँदा बढ्दो गर्मीमा घर-घरमा सास्ती चुलिएको स्थानीयको गुनासो छ। पंखा र कुलर नचल्दा बालबालिका, वृद्धवृद्धा तथा बिरामीहरू अत्यधिक प्रभावित भएका छन्।

विद्युत् अभावका कारण साँझपख मुख्य बजार क्षेत्र अन्धकारमय बन्न थालेको छ, जसले सर्वसाधारणमा असुरक्षाको भावना समेत बढाएको छ। यस्तै, पाइपलाइन अवरुद्ध हुँदा खानेपानीको समस्या पनि गम्भीर बनेको छ। विद्युत् नहुँदा मोटर चलाउन नसकिएको र बोरिङबाट पानी निकाल्न समस्या भएपछि दैनिक सरसफाइसमेत प्रभावित भएको छ।

स्थानीय दीपक सर्राफले आक्रोश व्यक्त गर्दै भने, "प्रशासनले कुनै पूर्वतयारी नगरी डोजर चलायो।

### पथलैया-चुरियामाई खण्डको अतिक्रमित संरचना हटाउन सडक डिभिजनको अल्टिमेटम

सन्देश संवाददाता

हेटौंडा/सडक डिभिजन हेटौंडाले पर्सा बीरगञ्जको मुख्य सडक विस्तार सुरु गरेसँगै पथलैया-चुरियामाई खण्डको सडक क्षेत्रमा अतिक्रमित संरचना हटाउने तयारी गरेको छ।

आइतबार ६ असोज बिहानैबाट सडक डिभिजनले त्रिभुवन राजपथअन्तर्गत पर्ने बीरगञ्जको गण्डक चोकदेखि मितेरीपुलसम्मको सडक २५-२५ मिटर दायाँ-बायाँ विस्तार थालेको हो। अब बाराको पथलैयादेखि मकवानपुरको सीमा क्षेत्र हेटौंडा उपमहानगरपालिका-१५ चुरियामाईसम्म सडक विस्तारको तयारी गरेको हो। बीरगञ्जको गण्डकदेखि पथलैयासम्म यसअघि नै सडक विस्तार भइसकेको छ।

सडक डिभिजन प्रमुख गुरुप्रसाद अधिकारीले सोमबार पथलैया-चुरियामाई खण्डमा २५ मिटरभित्रका घरटहरा १० वैशाख भित्र हटाउन सूचना जारी गरिएको जानकारी दिए। पटक-पटकको सूचनापछि पनि अतिक्रमण यथावत रहेपछि कार्यालयले तोकिएको मिति भित्र खाली नगरे सार्वजनिक सडक ऐन, २०३१ र प्रचलित नेपाल कानून बमोजिम कारबाही अघि बढ्ने जनाइएको छ।

## क्षतिग्रस्त ५ मन्त्रालय भवन पुनर्निर्माणपश्चात् उद्घाटन



सन्देश संवाददाता

हेटौँडा/गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनको क्रममा क्षतिग्रस्त बागमती प्रदेशका पाँच मन्त्रालय बसेको भवनको पुनर्निर्माण सम्पन्न भई उद्घाटन गरिएको छ।

सहरी विकास तथा भवन कार्यालय मकवानपुरद्वारा मर्मत, सम्भार र पुनर्निर्माण कार्य सम्पन्न भएसँगै सोमबार मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले भवनको उद्घाटन गरिएको हो। सो भवन मर्मत तथा पुनर्निर्माणका लागि एक करोड २८ लाख रुपियाँमा ठेक्का सम्झौता गरेर काम गरिएको कार्यालयका प्रमुख भूपेन्द्र यादवले जानकारी दिए। भवन हस्तान्तरण कार्यक्रममा मुख्यमन्त्री बानियाँले प्रदेश सरकारले जनताप्रति पारदर्शी र जवाफदेही भएर काम गरिरहेको बताए।

उहाँले मन्त्रालय लगायतका प्रदेशका कार्यालयमा आगजनी र तोडफोडपछि असहज रुपमा कार्यसम्पादन गर्नुपर्ने बाध्यता रहेकोमा अब भवन मर्मत र पुनर्निर्माणपछि पूर्ववत् सहज रुपमा कार्यसम्पादन गर्ने बाटो खुलेको उल्लेख गर्नुभयो। सातै प्रदेशमध्ये बागमती प्रदेशले सबैभन्दा पहिले जेनजी आन्दोलनबाट क्षतिग्रस्त सरकारी भवनहरूको पुनर्निर्माण गर्न समक्ष भएको उहाँको जिकिर थियो।

त्यसैगरी भौतिक पूर्वाधार विकास मन्त्री डा.दिनेशचन्द्र देवकोटाले क्षतिग्रस्त भवनको मर्मत र पुनर्निर्माणका क्रममा भवनको संरचनात्मक सुरक्षालाई विशेष प्राथमिकतामा राखेको बताउनुभयो। उहाँका अनुसार आगजनीका कारण भवनका संरचना कमजोर बनेकाले विज्ञ र स्ट्रक्चरल इन्जिनियरहरूको टोलीबाट अध्ययन गराई मर्मत र पुनर्निर्माण गरिएको हो। मन्त्रालयले इन्जिनियरिङका विज्ञहरु परिचालन गरी भवनका डन्डीहरु कति तापक्रममा पग्लिएका छन् र संरचना कति सुरक्षित छ भन्ने प्राविधिक अध्ययन समेत उहाँले जानकारी दिए।

कार्यालय प्रमुख यादवका अनुसार क्षतिग्रस्त संरचनाको मर्मत एवं पुनर्निर्माणमा तीन करोड ९५ लाख रुपियाँमा ठेक्का सम्झौता गरी काम गरिएको जानकारी दिए। कार्यालयले ठेक्का आह्वान गरी प्रदेशका ५ वटा मन्त्रालय रहेको भवनसहित प्रदेश सभा सचिवालय, सामाजिक विकास मन्त्रालय, सहकारी तथा गरिबी निवारण मन्त्रालय र प्रमुख सचिवको निवास गरी ५ वटा भवनको पुनर्निर्माण सम्पन्न गरेको हो।

## साना उद्यमीको रोजाइ बन्दै इनड्राइभ.कुरियर्स

inDrive couriers

काठमाडौं, नेपाल: इनड्राइभले नेपाली नयाँ वर्षको अवधिमा आफ्नो डेलिभरी सेवा इनड्राइभ.कुरियर्स प्रति उल्लेखनीय रूपमा माग बढेको जनाएको छ। विशेषगरी साना तथा मध्यम व्यवसायहरूले यस वृद्धिमा महत्वपूर्ण भूमिका खेलेका छन्।

इनड्राइभ.कुरियर्स एक अन-डिमान्ड डेलिभरी सेवा हो, जसले व्यक्तिहरू र व्यवसायहरूलाई छिटो, भरपर्दो र पारदर्शी रूपमा सामान पठाउन कुरियर सेवासँग जोड्छ। यस सेवामार्फत ग्राहक र कुरियरबीच सिधै सहमतिमा उचित भाडा निर्धारण गरी शहरभित्र पार्सल पठाउन सकिन्छ। औसतमा, कुरियरहरू ५–६ मिनेटमै पिकअप स्थानमा पुग्छन् भने ४० सेकेन्डभन्दा कम समयमा अर्डर मिलान हुन्छ। औसत डेलिभरी दूरी करिब ५ किलोमिटर रहेको छ।

इनड्राइभको आन्तरिक तथ्यांकअनुसार, सन् २०२५ को नेपाली नयाँ वर्षको अवधिमा डेलिभरी अर्डर संख्या अघिल्लो वर्षको तुलनामा २००% भन्दा बढीले बढेको थियो। साथै, कुल प्रयोगकर्ता संख्या र साना तथा मध्यम व्यवसाय (SMB) साझेदारहरू, जसमा स्थानीय पसल, अनलाइन बिक्रेता र घरबाट सञ्चालन हुने व्यवसायहरू समावेश छन्, दुवैमा उल्लेखनीय वृद्धि भएको देखिएको छ। अघिल्लो वर्षको तुलनामा सक्रिय व्यवसाय प्रयोगकर्ताको संख्या २.१ गुणाले बढेको छ, जसले साना व्यवसायहरूमा डेलिभरी सेवाको प्रयोग तीव्र रूपमा बढिरहेको संकेत गर्दछ। यस अवधिमा प्रयोगकर्ताहरूले कपडा, दैनिक उपभोग्य सामग्री, खाना, स्पेयर पार्ट्सदेखि लिएर बाकस तथा अन्य पार्सलसम्म विभिन्न सामान पठाउन प्लेटफर्म प्रयोग गरेका थिए।

इनड्राइभ नेपालकी कन्ट्री रेप्रिजेन्टेटिभ रिता पोखरेलले भन्नुभयो, "नेपाली नयाँ वर्ष साना व्यवसायहरूका लागि अत्यन्त महत्वपूर्ण समय हो, जहाँ उनीहरूको वार्षिक बिक्रीको ठूलो हिस्सा यसै अवधिमा हुने गर्छ। हामीले थप उद्यमीहरूले छिटो र उचित सर्तमा आफ्ना ग्राहकसम्म पुग्न इनड्राइभ.कुरियर्समा निर्भर हुँदै गएको देखिरहेका छौं।"

अर्डर संख्यामा काठमाडौंले अग्रणी भूमिका खेलेको छ, जहाँ वर्ष-दर-वर्ष उल्लेखनीय वृद्धि देखिएको छ। साथै पोखरा र भरतपुरजस्ता शहरहरूमा पनि स्थिर विस्तार भइरहेको छ। यसले नेपालमा डेलिभरी सेवाको क्षेत्रमा इनड्राइभको सुदृढ उपस्थिति र नेपाली नयाँ वर्षजस्ता व्यस्त समयमा यसको बढ्दो महत्वलाई देखाउँछ।

इनड्राइभ.कुरियर्सले नेपालका साना व्यवसायहरूका लागि भरपर्दो डेलिभरी समाधानका रूपमा आफ्नो स्थान अझ सुदृढ बनाउँदै आएको छ। यसले लचिलो मूल्य निर्धारण प्रणालीमार्फत ग्राहक र कुरियरबीच उचित सहमति कायम गर्न सहयोग पुर्‍याउँछ।

मौसमी माग हरेक वर्ष बढ्दै जाँदा, इनड्राइभ नेपालभर डेलिभरी सेवा अझ सुलभ बनाउँदै स्थानीय उद्यमीहरूलाई सहयोग गर्ने आफ्नो प्रतिबद्धतामा निरन्तर अग्रसर रहने बताएको छ।

## बागमती प्रदेशमा मन्त्रालयहरु गाभ्न छलफलमा जुटे सांसदहरु



सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेशको उद्योग, पर्यटन तथा वातावरण समितिको बैठक हेटौंडामा सम्पन्न भएको छ। समितिका सभापति आनन्दकुमार श्रेष्ठको अध्यक्षतामा बसेको बैठकले प्रदेशका विभिन्न नीतिगत तथा कार्यान्वयनसम्बन्धि विषयमा महत्वपूर्ण छलफल तथा निर्णय गरेको छ।

बैठकमा प्रदेशको वन तथा वातावरण मन्त्रालयले हालसम्म गरेका काम तथा प्रगतिको विषयमा विस्तृत जानकारी लिइएको थियो। मन्त्रालयको कार्यसम्पादन, उपलब्धि र चुनौतीबारे समीक्षा गर्दै आगामी दिनमा कामलाई थप प्रभावकारी बनाउने विषयमा समेत छलफल गरिएको समितिले जनाएको छ।

यसैगरी बैठकले अन्तरप्रदेश अनुभव आदान-प्रदान कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको छ। अन्य प्रदेशसँगको सहकार्य र सिकाइ आदान-प्रदानमार्फत् प्रदेशस्तरीय कामलाई अझ व्यवस्थित बनाउने उद्देश्य राखिएको छ।

प्रदेशस्तरमा हस्तकला ग्राम निर्माणको प्रगति अवस्थाबारे पनि बैठकमा छलफल गरिएको थियो। उक्त योजनालाई कसरी अघि बढाउने र प्रभावकारी कार्यान्वयन गर्ने भन्ने विषयमा सदस्यहरुले धारणा राखेका थिए।

बैठकले प्रदेश सरकारको संरचना सुदृढ बनाउने सन्दर्भमा मन्त्रालय संख्या घटाउँदा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई एउटै मन्त्रालयका रूपमा गाभ्न सुझाव दिएको छ। समितिका सभापति श्रेष्ठका अनुसार संघीयतालाई अझ सुदृढ र प्रभावकारी बनाउन मन्त्रालय गाभ्ने अवधारणा अघि सारिएको हो।

त्यसैगरी हालको बढ्दो महँगीलाई ध्यानमा राख्दै बजार अनुगमनलाई प्रभावकारी बनाउन उद्योग मन्त्रालयलाई निर्देशन दिने निर्णय पनि बैठकले गरेको छ। उपभोक्ता हित संरक्षण र मूल्य नियन्त्रणका लागि अनुगमनलाई कडाइका साथ अघि बढाउनुपर्नेमा बैठकले जोड दिएको छ।

### गृहमन्त्रीलाई कारबाही गर्न जेनजी मुभमेन्टको माग



सन्देश संवाददाता

हेटौडा/जेनजी मुभमेन्ट नेपालले गृहमन्त्री सुधन गुरुङमाथि लागेका गम्भीर आरोपहरूको निष्पक्ष छानबिनका लागि उनलाई तत्काल पदबाट बर्खास्त गर्न सरकारसँग माग गरेको छ।

सोमबार प्रवक्ता विजय शाहद्वारा जारी प्रेस वक्तव्यमा मन्त्री पदमै रहँदा अनुसन्धान प्रक्रिया प्रभावित हुने जोखिम औंल्याइएको छ। यस्तो अवस्था स्वार्थको द्वन्द्वको स्पष्ट उदाहरण हुने भन्दै निष्पक्ष न्याय सुनिश्चित गर्न पदबाट हटाइनु अनिवार्य भएको जिकिर गरिएको छ।

वक्तव्यमा 'आफ्नैविरुद्ध छानबिन भइरहँदा पनि मन्त्री पदमा बहाल रहनु आधारभूत नैतिकता र कानुनी सिद्धान्तविपरीत हो' भनिएको छ। मुभमेन्टले छानबिन प्रक्रियालाई प्रभावमुक्त बनाउन तत्काल कदम चाल्न सरकारलाई आग्रह गरेको छ।

बांकी ३ पेजमा

## दलित सशक्तिकरण विधेयकबारे सरोकारवालासँग छलफल

सन्देश संवाददाता

हेटौंडा/हेटौंडामा दलित सशक्तिकरणसम्बन्धी विधेयक निर्माणलाई केन्द्रमा राखेर सरोकारवालाबीच विस्तृत छलफल गरिएको छ। दलित महिला संघ (फेडो) मकवानपुरको आयोजनामा सम्पन्न कार्यक्रममा विधेयकको मस्यौदामाथि विभिन्न पक्षबाट सुझाव संकलन गरिएको हो।

कार्यक्रममा बोल्दै बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले संविधानले छुवाछुत अन्त्य घोषणा गरे पनि व्यवहारमा अझै विभेद कायम रहेको उल्लेख गर्दै त्यसलाई अन्त्य गर्न कडाइका साथ लागू हुने कानून आवश्यक रहेको बताए।

उनले दलित समुदायको अधिकार सुनिश्चित गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको पनि स्पष्ट पारे। लोकतन्त्रमा मानवता नै सर्वोपरि हुने उल्लेख गर्दै उनले पछाडि पारिएका वर्गलाई प्राथमिकतामा राख्नुपर्ने धारणा राखे।

कार्यक्रममा आन्तरिक मामिला तथा कानूनमन्त्री शिवराज अधिकारीले प्रस्तावित विधेयकले दलित समुदायको अधिकार संस्थागत गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे। उनले सरोकारवालाबाट आएका सुझाव समेटेर व्यवहारिक र कार्यान्वयनयोग्य कानून निर्माण गरिने बताए।

प्रदेश सभा सदस्य बालकुमारी विश्वकर्माले दलितमाथिको विभेद अन्त्यका लागि तत्काल कानून आवश्यक रहेकोमा जोड दिँदै विषयले अपेक्षित प्राथमिकता नपाएकोमा असन्तुष्टि जनाइन्। उनले चालु आर्थिक वर्षभित्रै विधेयक पारित गर्नुपर्ने बताउँदै आवश्यक परे सडकदेखि सदनसम्म आवाज उठाइने चेतावनी दिइन्।

कार्यक्रममा बाल कल्याण समाजका प्रकाश खतिवडाले विधेयकको आवश्यकता र मस्यौदाबारे प्रस्तुतीकरण गरेका थिए। सहभागीहरूले विधेयकलाई समावेशी, व्यवहारिक र कार्यान्वयनयोग्य बनाउनुपर्नेमा जोड दिएका थिए।

फेडो मकवानपुरकी उपाध्यक्ष सुनिता दर्नालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विभिन्न राजनीतिक, प्रशासनिक तथा सामाजिक क्षेत्रका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

**उखान**: कसैले तपाई भनोस् नभनोस् आफैं मपाई।

**।।।। बेलाको बोली ।।।।**

रूख रोप्ने पहिलो उपयुक्त समय २० वर्ष पहिले थियो र दोश्रो उपयुक्त समय अहिले हो

*- चिनिया उखान*

## सम्पादकीय

### महँगी नियन्त्रण गर

*पछिल्लो समय बजारमा चुलिएको मूल्यवृद्धिको भयले नेपाली जनजीवनका हरेक क्षेत्रलाई नराम्ररी प्रभावित बनाउन थालेको छ । विशेषगरी पेट्रोलियम पदार्थमा भएको अप्रत्याशित मूल्यवृद्धिका कारण सिंगो अर्थतन्त्र नै दबाबमा परेको छ । पश्चिम एसियाको तनावका कारण इन्धन आपूर्तिमा आएको अवरोधले नेपाल जस्तो आयातमा निर्भर मुलुकका लागि इन्धनको मूल्य आकासिएको छ । यसको प्रत्यक्ष असर यातायातका साधनदेखि नागरिकको भान्सासम्म पुगेको छ । सार्वजनिक यातायातको भाडा बढेको छ भने इन्धन खपत घटाउन कार्यालयहरूमा दुई दिन सार्वजनिक बिदा दिनुपर्ने बाध्यात्मक अवस्थाले शिक्षा र स्वास्थ्य जस्ता संवेदनशील क्षेत्रलाई झनै पिरोलेको अवस्था छ ।*

*एकातिर अन्तर्राष्ट्रिय परिस्थितिका कारण मूल्यवृद्धिको चाप बढेको छ भने अर्कोतिर यही मौका छोपेर बजारमा कालोबजारी र कृत्रिम अभाव सिर्जना हुने जोखिम उत्तिकै छ । बिगतको अनुभव हेर्दा सरकार परिवर्तन वा निर्वाचन जस्ता राजनीतिक संक्रमणको समयमा बजारमा एकाएक अराजकता देखिने गरेको छ । यस्तो संवेदनशील घडीमा बाध्यात्मक मूल्यवृद्धिको असरलाई न्यूनीकरण गर्दै नियतवश गरिने कृत्रिम महँगी नियन्त्रण गर्न तिनै तहका सरकारहरू उत्तिकै जिम्मेवार र संवेदनशील हुन जरूरी छ । हरेक इन्धनको मूल्य बढ्ने बित्तिकै खाद्यान्न र निर्माण सामग्रीको ढुवानी भाडा बढ्नु स्वाभाविक भए पनि यसले बहुआयामिक महँगी निम्त्याएको छ । ईन्धनको मुल्यबृद्धीपछि सबै सामानमा मुल्यबृद्धी भएको छ ।*

*नेपालको संविधानले बजार व्यवस्थापनको जिम्मा स्थानीय सरकार लाई सुम्पेको छ भने उपभोक्ताको अधिकार सुनिश्चित गर्ने दायित्व संघ र स्थानीय दुबै सरकारको हो । राज्य नागरिकको अभिभावक भएकाले उसको पहिलो प्राथमिकता जनहित नै हुनुपर्छ । त्यसैले स्थानीय तहले सक्रियतापूर्वक बजार अनुगमन गरी अनुचित नाफाखोरी र कृत्रिम अभावलाई कडाइका साथ नियन्त्रण गर्नुपर्छ, जसले गर्दा नागरिकलाई थोरै भए पनि राहत महसुस हुन सकोस् । यस्तो संकटले अवसर पनि सँगै ल्याउँछ, यो महँगी र अभावलाई हामीले आन्तरिक उत्पादन वृद्धि र आत्मनिर्भर अर्थतन्त्र निर्माणको प्रस्थानविन्दु बनाउन सक्नुपर्छ । तर, पनि अहिलेको समाधान महँगी नियन्त्रण हो, त्यसका लागि तीनै तहका सरकार गम्भीर बनेर महंगी नियन्त्रण गर्नुको बिकल्प देखिदैन ।*

**मकवानपुरमा आज**

१: जानकारीमा नआएको

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | छोटो समयमा मनग्य फाइदा हुनेछ। सुन्दर पहिरनले तपाईको व्यक्तित्वमा निखारता आउनेछ । प्रतीक्षा गरिएको उपलब्धि प्राप्त हुनेछ। | बृष | प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ । रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ। |
| मिथुन | अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ। बौद्धिक प्रतिस्पर्धामा अग्रस्थान हासिल हुनेछ । प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ। | कर्कट | पुरुषार्थले प्रतिस्पर्धीहरूको मनोबल कमजोर पार्न सकिने योग छ । पहिलेका दुश्मनहरूले समेत मित्रताका हात अघि बढाउनेछन् । |
| सिंह | फाइदाजन्य कामको स्रोत पहिल्याउन सकिनेछ। प्रयत्न गरेका काम सजिलै सम्पादन हुनेछन्। सेवामूलक कामबाट धनलाभ हुनेछ। | कन्या | स्रोतसाधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । हिम्मत गर्दा जटिल कामसमेत सम्पादन हुनेछ । पशु चौपाया हानीको योग देखिन्छ। |
| तुला | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । व्यापारमा पनि प्रशस्त फाइदा हुने योग देखिन्छ । कडा मिहिनेतले नयाँ अवसर दिलाउनेछ। | बृश्चिक | केही पारिवारिक समस्या देखिए पनि अँटिको काम सम्पादन हुने समय छ। प्रयत्न गर्दा आफ्ना साथीभाइसँगको असमझदारी सम्झौतामा टुंगिनेछ। |
| धनु | काममा अरूको मुख ताक्नाले पछि परिने योग देखिन्छ। आँटले काम लिन नसकिएला । व्यर्थको विवादले शुभचिन्तकहरू टाढिन सक्नेछन् । | मकर | बुद्धिको उपयोगले समस्या सुल्झिनेछ। अरूलाई समेत आफ्नो पक्षमा ल्याउन सकिनेछ, बुद्वी विवेकले सहजरुपमा काम लिने प्रयत्न गर्नुहोला । |
| कुम्भ | आफ्नै व्यवहारप्रति पछुतो लाग्न सक्छ। अरूको विषयमा अनावश्यक चासो राख्दा व्यर्थैमा दुःख पाइनेछ । आलोचकलाई व्यवहारले समेट्नुपर्ला। | मिन | आवश्यक पर्दा सहयोगीहरूको साथ समर्थन पाइनेछ। दोहोऱ्याएर प्रयत्न गर्दा रोकिएका कामहरु पनि सहज रुपमा सम्पादन हुने योग देखिन्छ। |

**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

*शिक्षाको दोबाटो :*

# डिग्रीको खात, सीपको अनिकाल



✍उपेन्द्र प्रेमी

शिक्षालाई पूर्वाधारको पनि पूर्वाधार भनिन्छ । तर गडबड, हडबड र उबडखाबडको हाम्रो राजनीति र हाम्रो व्यवस्थापकीय गतिविधिले हाम्रो शिक्षाको स्थितिले आधारभूत गति लिन सकिरहेको छैन। शिक्षा वर्ष कहिलेदेखि प्रारम्भ हुने, शैक्षिक सत्रको समाप्ति कहिले हुने र परीक्षा परिणाम कसरी तयार गर्ने भन्ने विषयमा कुनै निश्चित, नैमित्तिक एवं निरन्तरताको यकीन नीति-नियम छैन । फागुनमा के गर्ने, वैशाखमा के सुरु हुने, पढाइ कसरी चल्ने, पाठ्यक्रम, पाठ्य पुस्तक र पाठ्यसामग्रीको औचित्य निर्धारण कसरी गर्ने र शिक्षण विधि तथा सिकाइ लाई कसरी प्रभावकारी पार्ने भन्ने यी सबै कुराहरू आफूखुसी र मनलाग्दी किसिमका छन्। यसपालि सरकार के फेरियो, शिक्षाको मामिलामा फेरि फेर - बदलको त्यही क्रम सुरु भएको छ।

वैशाख १५ सम्म योजना कोर, कार्यक्रम तयार गर र त्यसपछि भर्ना गर अनि यति गतेदेखि पढाइ प्रारम्भ गर भनेर तोक-आदेश गरिएको छ। शिक्षाका अनेक निकायहरू छन्, मन्त्रालयको आदेश, मानव स्रोत तथा विकास केन्द्रको निर्देश र विद्यालय व्यवस्थापनको आफ्नै खालको उपदेश जस्ता परिवेशले गर्दा शिक्षक, अभिभावक, विद्यार्थी र विद्वतवर्ग सबै अन्योलमा देखिन्छन् ।

शिक्षा मौलिक हक र पूर्वाधारको पनि आधार भूत निर्माणको मूल विषय हो । शिक्षालयहरू त्यसका निम्ति प्रमुख केन्द्र हुन्। शिक्षक-शिक्षिका निर्माणकर्ता र भविष्यद्रष्टा हुन् भने शिक्षार्थीहरू त्यहाँबाट उब्जने कुशल जनशक्ति हुन् । त्यसैले शिक्षा दान र शिक्षा ग्रहण आफैँमा गहन विषय हो। तर, अहिलेको शिक्षा तथा शैक्षिक व्यवस्था कता-कता बेठहर र बेभर (बिनाठेगान र बिनाभर) को बन्दै गएको प्रतीत हुन्छ ।

विद्याले विनम्रता, पात्रता, धनधान्यता र धार्मिकता बढाएर व्यक्ति, परिवार एवं समाजलाई सुख, शान्ति र सन्तुष्टि प्राप्त गराउँछ भन्ने प्रचलित मान्यता हो। तर अहिलेको शिक्षामा त्यस्तो आत्मिक, श्रृजनात्मक र धार्मिक रूप-लावण्य एवं कौशलभन्दा बाहय भौतिक प्रपञ्च ज्यादा हाबी हुँदै गएको छ। के पढेर के हुने र के भएर के लाभ लिने-दिने भन्ने कुराको खासै ठहर-ठेगान देखिँदैन। त्यसैले शिक्षा अहिले धेरैजसो ठाँटबाँट र साधन-प्रसाधनको विषय मात्र हुँदै गएको छ।

शरीरभरि महँगा पोसाक र पहिरन, झोलाभरि पुस्तक-कापी र मनभरि नयाँ-नयाँ यन्त्र-संयन्त्र आदिले शिक्षा दिने-लिने कुरा गर्दागर्दै यो प्रक्रिया नै निकै भारी भइरहेको छ । आफ्ना छोराछोरीले के पढेका छन्, के बुझेका छन् र भोलि गएर तिनीहरू के हुने वा कस्तो बन्ने हुन् भन्नेमा अभिभावक र अग्रज पुस्ता आफैँ बेखबर देखिन्छन् । शिक्षा: गहना र ऐना ठिकै भनिएको हो, शिक्षा घर, परिवार, समाज र राष्ट्रको एउटा निकै ठुलो गहना हो । शिक्षामा समर्पित भएको आर्थिक लगानी त्यस्तो ऐना हो, जसले भोलि गएर सुन्दर आकृति र ठोस उपलब्धि झल्काउँछ।

जति लगायो, जति खर्च गऱ्यो उति नै बढ्दै जाने सम्पत्ति शिक्षा नै हो भन्ने हाम्रो सनातनी सदुक्ति नै हो। कुनै पनि समाजको शोभा, सभ्यता र शालीनता त्यहाँको शिक्षा व्यवस्थामा निहित हुन्छ। त्यसैले हरेक देशका सरकारको प्राथमिकता भित्र शिक्षालाई राखिन्छ र शैक्षिक क्षेत्रका योजनामा मनग्य बजेट खन्याइन्छ । यद्यपि यो तत्काल उत्पादक र फलप्रद लाग्दैन । तर दीर्घकालमा र आगामी अवधिमा यसको नतिजा उन्नत र गहन भएर निस्कन्छ।

बाहिरी गहना र मुहार झल्काउने ऐनाजस्तो हाम्रो शिक्षाको संसार र व्यवहार देखिन्छ नै, तर कोट्याएर हेर्दा भित्र गुदी तत्व त्यति भेटिँदैन। रूपमा हाम्रो शिक्षाको संसार र व्यवहार देखिन्छ नै, जान्ने भयो, बुझ्ने भयो संसार हाँक्छ कि भैँ गरेर नयाँ-नौला कुरा त छाँट्ने भयो, यद्यपि 'अर्थ न बर्थ गोविन्द गाई' जस्तो। हो, केही प्राविधिक र व्यावसायिक विषय बुझेर, पढेर क्रिया-कर्ममा जुटेका र सेवा व्यवसायमा लागेकाहरूको योगदान अर्थपूर्ण छ। तर ज्यादातर नवघोषित विद्या बुद्धिको ठुलो जमातचाहिँ भडकमा बढी र बुढकमा न्यून नै देखिन्छ।

*पढ्यो गुन्यो कुनै काम :*

धर्म, धारणा र ध्येयमा विद्या दिनु-लिनु र त्यसमा लाग्नु-लगाउनुको अर्थ हुनुपर्छ। धर्मभित्र रहनु, धारणा बनाउनु र ध्येयमा पुग्नु त्यसको तात्पर्य हुनुपर्छ। पढ्नु, गुन्नु, पढाउनु वा पढाइमा लगाउनु भनेको केवल अंकका साथ प्रमाणपत्र लिनु वा डिग्री हासिल गर्नु मात्र होइन। प्राप्त त्यो शैक्षिक योग्यतालाई व्यवहारसिद्ध बनाएर धर्म निर्वाहका साथ ध्येयतर्फ लम्कन सके मात्र त्यो उपाधिको महत्व रहन्छ । तर, अहिलेको हाम्रो शैक्षिक कमजोरीलाई ऐनाजस्तै झल्काएको छ। पढ्यो तर गुनेन अर्थात् व्यवहारमा उतारेन भने त्यो पढाइको कुनै अर्थ रहँदैन। शिक्षा मान्छेलाई सत्मार्गमा डोहोऱ्याउने र कर्तव्यबोध गराउने साधन हुनुपर्नेमा यो केवल जागिर खाने वा विदेश पलायन हुने लाइसेन्स जस्तो मात्र भएको छ।

हामीले कस्तो जनशक्ति उत्पादन गरिरहेका छौं र ती जनशक्तिले समाजको विकासमा कस्तो योगदान दिइरहेका छन् भन्ने कुरा अब गम्भीर समीक्षाको विषय बनेको छ । धर्म भनेको यहाँ केवल कर्मकाण्ड मात्र होइन, बरु आफ्नो उत्तर दायित्व र नैतिकताको पालना गर्नु हो। जबसम्म हाम्रो शिक्षाले विद्यार्थीमा त्यो नैतिक बल र जिम्मेवारीको भावना विकास गर्न सक्दैन, तबसम्म जतिसुकै ठुला डिग्री हासिल गरे पनि त्यसको खासै मूल्य रहँदैन।

विधि र व्यवस्थाबाट पढ्दै, बढ्दै र सिक्दै जाने शिक्षालय र प्रयोगशाला हुन् । मानिस आदिदेखि अन्त्यसम्म अभ्यास गर्दै अघि बढ्ने बौद्धिक प्राणी हो। घर-परिवार, नातागोता, साथी संगाती, समाज, देश र विश्वसँग धेरथोर ज्ञान, चेतना र योग्यता बढाउँदै जाने काम मान्छेले गर्छ। सामान्यतया औपचारिकता, सिद्धान्त, सूत्र र अभ्यासको शिक्षार्जनपछि पनि देश-विदेशमा, प्रकृतिमा र व्यावहारिक अनुभूतिमा सिकिँदै, बुझिँदै र उमंगिँदै जाने धेरै सिकाइका श्रेणीहरू हुन्छन्।

केवल किताबी र कलमी ज्ञानभन्दा व्यवहार र विज्ञानमा आधारित पछिल्लो शिक्षा अझ ओझिलो र गहकिलो हुन्छ । 'पढेरभन्दा परेर जानिन्छ' भन्ने ज्ञानमालाको उक्ति सत्य साबित हुँदै जान्छ। त्यसैले शिक्षा देशीय हुनुपर्छ। देशको प्रकृति, भूगोल र संस्कृति तथा देशीय समाजको धर्म, कर्म, मर्म र सन्दर्भसंग गाँसिएको शिक्षा चहकिलो र कसिलो हुन्छ । आफ्नो मातृभूमि, यहाँको माटो, मूल्य-मान्यता, भाषा र आफ्नै परिभाषामा आधारित शिक्षा उपयुक्त हुन्छ।

साथै अरूको, अन्यत्रको र सकेसम्म विश्व-ब्रह्माण्डकै ज्ञान हासिल गर्नु अझ समुचित हुन्छ। त्यसैगरी शिक्षामा आदिम पौराणिकदेखि आधुनिककालसम्मका सबै कुराको चेत बढाउँदै जानु राम्रो मानिन्छ। शिक्षालाई अद्यावधिक पार्दै आजको जीवन-व्यवहारमा चम्काउँदै जान सक्नु पर्छ। नेपालमा जनवादी शिक्षा, वैज्ञानिक शिक्षा, व्यावसायिक र प्राविधिक शिक्षाका नाना खालका नारा र योजनाहरू आए, गए र विलाए। अहिले हामी यन्त्र र कृत्रिम बौद्धिकतासम्मको स्थितिमा खडा छौँ।

ती जे-जे भए पनि मूलत: शिक्षामा आत्मतत्व, देशीय अस्तित्व, सीप, श्रृजनाशील शैली र आत्मोन्नतिका सारतत्वहरू कायम भइरहनुपर्छ, अनि अद्यावधिक र युगानुकूल गुणहरू त्यसमा समाविष्ट भइरहनु पर्छ । गुण, ज्ञान र गवेषणा शिक्षामा गुण हुनुपर्छ । गुणकारी अर्थात् गुणात्मकताको विकास गर्ने हाम्रो शिक्षा हुनुपर्छ । ''क्वालिटी''को शिक्षा चाहियो भन्नुको तात्पर्य त्यही हो । मानिसलाई मानिस बनाउने, देशको माटो, वन-पाखो, पानी-पंधेरोभित्र लुकेका यावत् गुण र तत्वहरूलाई खोतलेर निकाल्ने त्यस्तो गुणात्मक ज्ञान हुनुपर्छ । अतीतदेखि आधुनिकताका यावत् विषय बोध गरेर अन्वेषणको शृंखलालाई अझ तन्काउँदै लैजाने शिक्षा आजको विश्व समाजलाई चाहिन्छ। नेपालकै परिप्रेक्ष्यमा भन्नुपर्दा, हामीले पढेको र बुझेको शिक्षाले हामीलाई वैज्ञानिक, दार्शनिक, विचारक, विवेकी वा ज्ञानी-गुनी खासै बनाइरहेको छैन । हामी खासमा उत्पादक र व्यावसायिक पनि भइरहेका छैनौं। प्रचलित हाम्रो शिक्षाले हामीलाई केवल राजनीति र अर्थनीतिमा चतुरो र चनाखो बनाएको छ, अनि मुख्यतया हामीलाई विश्व बजारको ग्राहक र आधुनिक वस्तुको उपभोक्ता मात्र बनाएको छ।

हामी कसैका निमित्त भरिया, कसैका लागि खेताला र कसैका लागि सामान्य कारिन्दा मात्र भइरहेका छौँ । यो सबै हाम्रो शिक्षाले दिएको प्रतिफल हो। हाम्रो माटो सुहाउँदो, हाम्रो सीप र प्रविधिलाई उजागर गर्ने र हामीलाई आत्मनिर्भर बनाउने शिक्षाको अभाव खड्किरहेको छ। त्यसैले अबको शिक्षा केवल साक्षरतामा मात्र सीमित हुनु हुँदैन । यो त मानिसको अन्तर्निहित क्षमतालाई प्रस्फुटन गराउने माध्यम बन्नुपर्छ। आफ्नै खुट्टामा उभिन सक्ने, आफनै देशको स्रोत र साधनलाई चिन्न सक्ने र त्यसलाई उपयोग गर्न सक्ने जनशक्ति नै आजको आवश्यकता हो।

शिक्षामा राजनीति हाबी हुनु अर्को विडम्बना हो। जबसम्म शिक्षालयहरू राजनीतिक क्रिडास्थल बनिरहन्छन्, तबसम्म गुणस्तरीय शिक्षाको कल्पना गर्न सकिँदैन । शिक्षकले पढाउने र विद्यार्थीले सिक्ने वातावरणलाई राजनीतिमुक्त बनाउनु आजको मुख्य चुनौती हो ।

*अल्मलिएको शिक्षा प्रणाली :*

५-४ दशकअघिको शिक्षा नीति र शिक्षा ऐनभित्रै हाम्रो शैक्षिक यात्रा हिँडिरहेको छ, चलि-रहेको छ । तर यो पछिल्लो दशकयता शिक्षा प्रणाली र प्रबन्ध परिपाटीमा विभिन्न अदली-बदली गरिँदै आए । एउटा जमाना थियो, एसएलसीको कति ठुलो महत्व रहन्थ्यो । त्यो 'फलामे ढोका' उघारेर उच्च शिक्षाको तहमा उभिन कत्रो रहर र जाँगर चाहिन्थ्यो । उतिबेलाको पाठ्यक्रम, पाठ्यपुस्तक र त्यहाँभित्रका विषयवस्तुको गहनता पनि उत्तिकै उच्च कोटीको थियो। शिक्षण प्रणाली, पाठको सिकाइ, विषयको गहिराइ र परीक्षाको प्रस्तुति पनि त्यसबेला उच्चतम हिसाबको हुन्थ्यो।

तर, हिँड्दै जाँदा एसएलसी हरायो । गहन पाठ्यवस्तु पनि बिलाएर गए। राम्रो अंक ल्याउने होडलाई पनि हराइयो र 'एसइई' भनेर कता-कता ग्रेडिङ प्रणाली आयो। के गयो, के आयो, पास-फेलको मूल्य पद्धति पनि बिलायो। हुंदाहुंदा अब विद्यालयीय आन्तरिक परीक्षा नै नगर्ने, एसइई पनि खारेज गर्ने र कक्षा १२ माथिको तहलाई मात्र 'उच्च शिक्षा' मान्ने लहडबाजी र हावाहुरीका प्रणाली ल्याउंदै जाने चर्चा सुनिन्छ। यी सब कुरा देख्दा हाम्रो शिक्षा प्रणाली झन्झन् अल्मलिँदै गएको भान हुन्छ।

अस्थिरता र अन्योल :

हाम्रो शिक्षा प्रणालीमा न त कुनै स्थिरता छ, न त कुनै ठोस गन्तव्य नै। कहिले कुन प्रणाली ल्याइन्छ, कहिले कुन। प्रयोगै-प्रयोगको थलो बनेको छ हाम्रो शिक्षा क्षेत्र । विद्यालय तहको संरचना फेरिरहने, पाठ्यक्रममा स्थिरता नहुने र मूल्यांकन पद्धतिमा बारम्बार भइरहने परिवर्तनले विद्यार्थी मात्र होइन, शिक्षक र अभिभावक पनि उत्तिकै प्रताडित छन्। गुणस्तरको कुरा त केवल नारामा मात्र सीमित भएको छ। निजी र सरकारी विद्यालय बीचको खाडल झन्झन् गहिरिँदै गएको छ। सर-कारी विद्यालयको अवस्था दिनानुदिन खस्कंदो क्रममा छ भने निजी विद्यालयहरू व्यापारिक केन्द्रजस्ता बन्दै गएका छन्। महंगो शुल्क तिर्न सक्नेले मात्र राम्रो शिक्षा पाउने अवस्थाले समाजमा विभेदको बिउ रोपिरहेको छ।

शिक्षकको नियुक्ति र पदोन्नतिमा हुने राजनीतिक हस्तक्षेपले शिक्षाको मर्ममाथि नै प्रहार गरिरहेको छ । योग्य र क्षमतावान् शिक्षक ओझेलमा पर्ने र राजनीतिक आड भरोसामा रहेकाहरू हाबी हुने प्रवृत्तिले शैक्षिक वातावरण नै धमिलिएको छ। यस्तो अवस्थामा कस्तो जनशक्ति तयार होला र तिनले देशको भविष्य कसरी निर्माण गर्लान् ? यो प्रश्न आजको पुस्ताका लागि अनुत्तरित र चुनौतीपूर्ण बनेको छ।

*व्यापारीकरण र भविष्यको अन्योल :*

हाम्रो शिक्षा अहिले एउटा यस्तो दोबाटोमा उभिएको छ, जहां एकातिर सर्टिफिकेटको खात छ भने अर्कोतिर बेरोजगारहरूको लाम। शिक्षा क्षेत्रमा भइरहेको चरम व्यापारीकरणले गर्दा गरिब र मध्यमवर्गीय परिवारका लागि गुणस्तरीय शिक्षा 'आकाशको फल'सरह भएको छ। शिक्षालाई सेवा भन्दा बढी मुनाफा कमाउने माध्यम बनाइएको छ, जसले गर्दा समाजमा शैक्षिक विभेदको खाडल झन् फराकिलो बन्दै गएको छ। अर्कोतर्फ, हामीले दिइरहेको शिक्षाले विद्यार्थीलाई स्वावलम्बी बनाउनुको साटो परनिर्भर बनाइरहेको छ। हातमा डिग्री त छ, तर हातमा सीप छैन । त्यसैले त आजको युवापुस्ता देशमा भविष्य नदेखेर खाडीका देशहरू वा पश्चिमा मुलुकतर्फ पलायन हुन बाध्य छ। हाम्रो माटो सुहाउँदो र श्रमको सम्मान गर्ने शिक्षाको अभावमा हामीले केवल 'बौद्धिक मजदुर' मात्र उत्पादन गरिरहेका छौँ। अबको आवश्यकता भनेको शिक्षालाई जीवनोपयोगी र व्यावहारिक बनाउनु हो । केवल किताबी ज्ञान र सैद्धान्तिक सूत्रहरूले मात्र २१ औं शताब्दीको चुनौती सामना गर्न सकिँदैन। प्रविधि, सीप र संस्कारको त्रिवेणी नै आजको शिक्षाको सही दिशा हुनुपर्छ। जबसम्म हामीले आफ्नो मौलिकता र आवश्यकतालाई बुझेर शिक्षा नीति बनाउँदैनौं, तबसम्म हाम्रो शैक्षिक भविष्य अन्योलपूर्ण नै रहनेछ।

*निष्कर्ष र सुधारको बाटो*

अन्तत: शिक्षा भनेको प्रमाणपत्रको संग्रह मात्र होइन, यो त चेतनाको उज्यालो र व्यवहारको ऐना हो। हाम्रो वर्तमान शिक्षा प्रणालीमा देखिएका यी तमाम अन्योल र अस्थिरतालाई चिर्न अब ढिला भइसकेको छ। हामीले कस्तो जनशक्ति उत्पादन गर्ने र तिनलाई कुन दिशामा डोहोऱ्याउने भन्ने कुरामा स्पष्ट राष्ट्रिय दृष्टिकोण आवश्यक छ। शिक्षालाई राजनीतिको प्रदूषणबाट मुक्त राखी विशुद्ध प्राज्ञिक र व्यावहारिक थलोकोरूपमा विकास गरिनु पर्दछ। हाम्रा पाठ्यक्रमहरूले विद्यार्थीलाई विश्व परिवेशसँग जोड्दै गर्दा आफ्नै देशको माटो, संस्कृति र सीपलाई बिर्सनु हुँदैन।

श्रमप्रति गौरव गर्ने र श्रृजनशील सोच राख्ने शिक्षा नै आजको आवश्यकता हो। संघीयताको कार्यान्वयनसँगै स्थानीय तहले आफ्नो क्षेत्र सुहाउंदो शिक्षा नीति र योजना बनाउने अवसर पाएका छन्। यसलाई सदुपयोग गर्दै आधारभूत तहदेखि नै गुणस्तरमा ध्यान दिनु जरुरी छ। जब शिक्षकहरू उत्साहित हुन्छन्, अभिभावकहरू सचेत हुन्छन् र विद्यार्थीहरू जिज्ञासु हुन्छन्, तब मात्र शिक्षाको वास्तविक ज्योति बल्न सक्छ। हाम्रो शिक्षा हाम्रै दृष्टि, दर्शन र दिशामा अघि बढ्न सक्यो भने मात्र समृद्ध नेपालको सपना साकार हुनेछ।

*साभार : सौर्य अनलायन*

---

# 'बन्दुकको गोलीभन्दा औषधिको गोलीमा लगानी गरौँ'

✍विप्लव अधिकारी

नेपालमा औषधि उद्योग विस्तार हुँदै गए पनि देशमा प्रयोग हुने औषधिको ठूलो हिस्सा अझै आयातमै निर्भर छ। स्वदेशी उत्पादन क्षमता बढ्दै गए पनि नीतिगत अस्पष्टता, आयातमुखी व्यवस्था र प्रविधि विकासका सीमित अवसरका कारण उद्योगले अपेक्षित गति लिन सकेको छैन। नयाँ सरकार गठनसँगै औषधि उद्योगसम्बन्धि नीति सुधार, आयात प्रतिस्थापन र स्वदेशी उत्पादन प्रवर्द्धनका विषय पुन: चर्चामा आएका छन् ।

देशमा स्थिर सरकार गठन भएसँगै औषधि उत्पादकहरू सकारात्मक छन्। औषधि उद्योगले धेरै वर्षदेखि एउटा स्पष्ट माग राख्दै आएको छ- औषधि ऐन तथा सम्बन्धित नीतिहरू परिमार्जन गरेर स्वदेशी औषधि उद्योगलाई प्रवर्द्धन गर्नुपर्छ। त्यसो गर्दा मात्रै नेपालमा औषधि उत्पादन बढाउन र दीर्घकालीनरूपमा आत्मनिर्भर बन्न सम्भव हुन्छ। हाल नेपालमा प्रयोग हुने धेरै औषधि विदेशबाट आयात हुने अवस्था छ । यदि स्वदेशमै उत्पादन गर्न सकिने औषधि आयात भइरहने हो भने स्थानीय उद्योग विस्तार हुन सक्दैन । त्यसैले सरकारले आयात प्रतिस्थापनलाई प्राथमिकता दिनुपर्छ ।

छिमेकी देशहरूको अनुभव हेर्दा पनि यही कुरा स्पष्ट देखिन्छ । उदाहरणका लागि, बंगलादेशले सन् १९८२ मा यस्तो नीति ल्यायो कि तीन वा सोभन्दा बढी कम्पनीले उत्पादन गर्न सक्ने औषधि विदेशबाट आयात नगर्ने । त्यसपछि बंगलादेशको औषधि उद्योग तीव्ररूपमा विकास भयो र आज त्यहाँ करिब ९८ प्रतिशत औषधि स्वदेशमै उत्पादन हुन्छ। भारतले पनि सन् १९७० दशकदेखि स्वदेशी औषधि उद्योगलाई प्रोत्साहन गर्ने नीति अपनायो, जसको परिणामस्वरूप भार त अहिले विश्वकै प्रमुख जेनेरिक औषधि उत्पादक देशमध्ये एक भएको छ। नेपालमा पनि सरकार ले नीतिगत परिवर्तन गरेर स्वदेशमै उत्पादन गर्न सकिने औषधिको आयातलाई क्रमश: निरुत्साहित गर्नुपर्छ। साथै, सरकारी निकायहरूले खरिद गर्ने औषधिमा पनि स्वदेशी उत्पादनलाई प्राथमिकता दिने नीति आवश्यक छ।

आर्थिक र रणनीतिक महत्व :

औषधि उद्योगलाई केवल स्वास्थ्य सेवासँग जोडेर मात्रै हेर्नु हुँदैन। यो उद्योगले रोजगारी श्रृजना, प्रविधि विकास, अनुसन्धान, उत्पादन र निर्यातजस्ता धेरै आर्थिक गतिविधिसँग सम्बन्ध राख्छ।

हामीले सधैँ रक्षा खर्चको सन्दर्भमा 'गोली'को कुरा गर्छौं, तर विकासको दृष्टिले हेर्ने हो भने देशले बन्दुकको गोलीभन्दा औषधिको गोली उत्पादन गर्ने उद्योगमा लगानी गर्नुपर्छ । यदि सरकारले औषधि उद्योगलाई नीतिगतरूपमा प्रोत्साहन गऱ्यो भने नेपालले अपेक्षाकृत छोटो समयमै औषधि उत्पादनमा ठूलो प्रगति गर्न सक्छ। यसले आयात घटाउने मात्र होइन, दीर्घकालीन रूपमा विदेशी मुद्रा बचत र निर्यातको सम्भावना पनि श्रृजना गर्न सक्छ। तर यसको लागि नीतिगत वातावरण उद्योगमैत्री हुनुपर्छ । यदि नीति आयातमुखी रहिरह्यो भने स्वदेशी उद्योगको विस्तार सम्भव हुँदैन ।

*सुधारका मुख्य क्षेत्रहरू :*

नीतिगत र कानुनी सुधारका लागि केही मुख्य

*बुँदाहरू महत्वपूर्ण छन:*

आयात प्रतिस्थापन नीति स्वदेशमै उत्पादन गर्न सकिने औषधिको आयातलाई क्रमश निरुत्साहित गर्नुपर्छ। प्रविधि हस्तान्तरण भारत र बंगलादेशले धेरै प्रविधि अन्तर्राष्ट्रिय सहकार्य वा टेक्नोलोजी ट्रान्सफरमार्फत ल्याएका हुन् । नेपालमा पनि उद्योगहरूले विदेशी प्रविधि ल्याएर उत्पादन गर्न चाहँदा प्रक्रियालाई छिटो र सरल बनाउनुपर्छ।

TRIPS *लचकताको उपयोग:*

नेपाल विकासोन्मुख देश भएकाले औषधि पेटेन्टसम्बन्धि केही लचकता पाएको छ, जुन २०२६ सम्म लागू छ। नेपालले पनि यस्तो सुविधा विस्तारका लागि कूटनीतिक पहल गर्नुपर्छ। निर्यात प्रवर्द्धन बोर्ड: भारतको "फार्मेक्सिल" वा बंगलादेशको औषधि प्रवर्द्धन बोर्ड जस्तै नेपालमा पनि छुट्टै निकाय स्थापना गरेर विदेशी बजारमा नेपाली औषधि दर्ता, गुणस्तर प्रमाणन र निर्यात प्रवर्द्धनका काम गर्न सकिन्छ। यससँगै अनुसन्धान तथा विकास (आरएण्डडी) मा लगानी गर्ने उद्योगहरूलाई सहुलियत पूर्ण ऋण र कर प्रोत्साहन पनि आवश्यक हुन्छ।

*साभार : स्वास्थ्यखबर*

# विवाहमा खर्च घटाउने ५ स्मार्ट तरिका



पछिल्लो समयमा नेपाली विवाहहरू अत्यन्तै महँगो हुँदै गएका छन् । ठूला पार्टी प्यालेस, महँगा लाइटिङ, विदेशी डेकोर, धेरै समारोह र सयौं अतिथिका कारण एउटा सामान्य परिवारको वर्षौंको बचत एकैचोटि सकिन्छ । अझ बचत नहुँने हो भने कयौं वर्षका लागि ऋणको भार थोपरिन्छ। तर विवाह जीवनको एउटा सुन्दर अध्याय हो, यो देखावटी प्रतिस्पर्धा होइन।

विवाहमा अनावश्यक खर्च कटौती गरेर नयाँ जीवन सुरु गर्नका लागि केही बचत गर्न सकिन्छ । अरूको देखासिकी तथा भड्किलो शैलीको सपना देख्नु स्वभाविक हो, तर वास्तविकतामा विवाह भव्य बनाउने धुनमा लाग्दा आर्थिक रूपमा संटक उत्पन्न हुन सक्छ । खर्च घटाउनुको मतलब उत्सव नमनाउनु होइन । सही योजना बनाएर विवाह रमाइलो, यादगार र सस्तो बनाउन सकिन्छ।

१. बजेट पहिले नै स्पष्टरूपमा तय गर्ने :

विवाहको योजना सुरु गर्नुअघि नै कुल बजेट तय गर्नुपर्छ। उदाहरणका लागि ५ लाख, ७ लाख वा ८ लाख जति पनि हुन सक्छ। यो रकमलाई विभिन्न शीर्षकमा विभाजन गर्नुपर्छ । भोज व्यवस्थापन, कपडा, गरगहना, फोटोग्राफी, यातायात आदि।

बजेट तोकेपछि हरेक निर्णय त्यही सीमाभित्र राख्नुपर्छ । पार्टी प्यालेसहरूमा कुरा गर्दा पहिले आफ्नो बजेट स्पस्टरुपमा बताउनु पर्छ र सोध्नुपर्छ । 'यो रकममा तपाईंले के-के व्यवस्था गर्न सक्नु हुन्छ ?' यसले अनावश्यक महँगो विकल्पबाट बचाउँछ । बजेट बनाउँदा आमाबुबा र दुवै पक्षको परिवारसँग छलफल गर्नुपर्छ, ताकि पछि आर्थिक तनाव नहोस् ।

२. समझदारीपूर्ण 'भेन्यू' को छनोट

ठूला पार्टी प्यालेसमा प्रतिप्लेट १५०० देखि ३५०० सम्म लाग्न सक्छ । यसको सट्टा उपत्यकाका बजेट फ्रेण्डली पार्टी प्यालेस, सामुदायिक हल, गुठी हल वा हेरिटेज स्थलहरु रोज्नुपर्छ । यी ठाउँहरूमा आधारभूत डेकोर, लाइटिङ र पार्किङको सुविधा पनि प्याकेजमै आउँछ । यस्ता ठाउँहरू प्राकृतिक सुन्दरताले भरिपूर्ण हुन्छन् र महँगो डेकोरको आवश्यकता पनि पर्दैन ।

३.डेस्टिनेसन विवाहः
राम्रो र सस्तो विकल्प

डेस्टिनेसन विवाह महँगो हुन्छ भन्ने सोच गलत हो । पोखरा फेवाताल किनार, नगरकोट हिमालको मनोरम दृष्य, चितवनको जंगल सफारी, ढोरपाटन वा इलाम जस्ता ठाउँमा सानो र सुन्दर विवाह गर्न सकिन्छ ।

यस्ता डेस्टिनेसन विवाहको फाइदाहरू पनि छन् । सबै अतिथिलाई एउटै रिसोर्ट वा होटलमा व्यवस्था गर्न सकिन्छ। यात्रा, बसाइ र खानाको खर्च मिलाएर कुल खर्च ३०-४५ प्रतिशतसम्म घटाउन सकिन्छ । प्राकृतिक वातावरणले डेकोरको खर्च पनि बचाउँछ।

४. मेनुमा बुद्धिमानी छनोट :

खानामा सबैभन्दा धेरै खर्च हुन्छ। महँगा स्टार्टर, चाट काउन्टर र विदेशी डिशहरूबाट बच्नुपर्छ । नेपाली परम्परागत मेनु दाल-भात, विभिन्न तरकारी, मासु, आचार, साग, रोटीलाई मुख्य बनाउन सकिन्छ। यो स्वादिष्ट र सस्तो दुवै हुन्छ। भारतीय वा महँगा मिठाईहरूको सट्टा स्थानीय मिठाइ जस्तै सेलरोटी, खजुर, लड्डु, काजु बर्फी प्रयोग गर्न सकिन्छ। स्टार्टर र चाटको संख्या घटाउन सकिन्छ । मेनुलाई सीमित गरेर २०-३० प्रतिशत खर्च बचाउन सकिन्छ ।

५. अन्य महत्वपूर्ण कटौतीका उपायहरू :

अतिथिको सूची घटाउने :

नजिकका नातेदार र चिनजानका मानिसहरूलाई मात्र निम्तो दिनुपर्छ। अथितिको संख्या १५०-२०० जनामा सीमित गर्दा ठूलो बचत हुन्छ।

डेकोर र लाइटिङ : सादा तर सुन्दर डेकोर रोज्न सकिन्छ । स्थानीय फूल, कपडा र एलइडी लाइट प्रयोग गर्नुपर्छ । महँगो फ्लोरल डेकोर बाट बच्नुपर्छ ।

समारोहको संख्या घटाउने : एङ्गेजमेन्ट, मेहन्दी, सगुन, कन्यादान र रिसेप्सन सबै छुट्टाछुट्टै गर्नुको सट्टा २-३ मुख्य कार्यक्रम मात्र राख्नुपर्छ। दुवै परिवार सहमत भए एउटै ठूलो कार्यक्रम पनि गर्न सकिन्छ।

महँगो स्टुडियोको सट्टा राम्रा तर बजेट फ्रेन्डली फोटोग्राफर छनोट गर्नुपर्छ। प्र-वेडिङ शुटलाई छोटो र सिम्पल राख्नुपर्छ।

*ध्यान दिनुपर्ने कुरा :*

विवाह भनेको दुई व्यक्तिको प्रेम र दुई परिवारको मिलन हो, यो कुनै देखावटी प्रतियोगिता होइन। त्यसैले महँगो विवाह होइन, खुसी, समझदारी र यादगार विवाह रोज्नुपर्छ । सही योजना बनाएर सीमित खर्चमा पनि अत्यन्त राम्रो, रमाइलो र भावनात्मकरूपले भरिपूर्ण विवाह गर्न सकिन्छ । बचत भएको पैसाले हनीमुनमा सुन्दर ठाउँ घुम्ने, नयाँ घर सजाउनुहोस्, भविष्यका लागि सानो लगानी गर्न सकिन्छ ।

# नेपाली खेलकुद रूपान्तरणको ऐतिहासिक जिम्मेवारी




नेपालको खेलकुद क्षेत्र सम्भावनाले भरिएको छ, तर यथार्थ भने त्यति उत्साहजनक छैन। संरचनागत कमजोरी, व्यवस्थापनमा पेशागत अभाव र स्रोतको असन्तुलित उपयोगले गर्दा हाम्रो खेलकुद अझै पनि आफ्नो क्षमता अनुसार अघि बढ्न सकेको छैन ।

अब राष्ट्रिय खेलकुद परिषद् (राखेप) को नेतृत्वमा आउने सदस्य सचिव वा प्रमुख कार्यकारी (सीईओ) का लागि यो केवल पद सम्हाल्ने समय होइन यो खेलकुदमार्फत् राष्ट्र रूपान्तरण गर्ने जिम्मेवारी बोकेको समय हो ।

*खेलकुद: राष्ट्र निर्माणको आधार*

खेलकुदलाई हामीले लामो समयसम्म केवल मनोरञ्जन वा प्रतियोगिताको रूपमा मात्र हेर्‍यौं । तर आजको विश्वमा खेलकुद राष्ट्रिय पहिचान, सामाजिक एकता र आर्थिक विकाससँग प्रत्यक्ष रूपमा जोडिएको छ ।

एउटा खेलाडीले अन्तर्राष्ट्रिय मञ्चमा झण्डा फहराउँदा त्यसले केवल पदक जित्दैन, राष्ट्रको आत्मविश्वास पनि उचाल्छ। त्यसैले अब खेलकुदलाई खर्चको रूपमा होइन, राष्ट्रिय विकासको रणनीतिक लगानीको रूपमा बुझ्नुपर्छ ।

*पूर्वाधार: पहुँचयुक्त र वैज्ञानिक विकास*

नेपालका अधिकांश खेल पूर्वाधार राजधानी वरिपरि सीमित छन् । कतिपय जिल्लामा खेल मैदानको आधारभूत संरचना पनि छैन भने कतै बनेका रंगशालाहरू प्रयोगविहीन छन् । यो समस्या आकस्मिक होइन । यसको जडमा योजना बिना गरिएको निर्माण, दीर्घकालीन दृष्टिकोणको अभाव र मर्मतसम्भारमा उदासीनता छ ।

अबको नेतृत्वले प्रदेशगत आवश्यकताको वैज्ञानिक अध्ययन गर्दै पूर्वाधार विकास गर्नुपर्छ । हिमाली क्षेत्रका लागि विन्टर स्पोर्टस, तराईका लागि एथ्लेटिक्स र पहाडी क्षेत्रका लागि एड्भेन्चर स्पोर्ट्स जस्ता विशेषीकरणले खेलकुदलाई स्थानीय सन्दर्भसँग जोड्न सक्छ । सार्वजनिक-निजी साझेदारीमार्फत् पूर्वाधार निर्माण र व्यवस्थापनलाई दिगो बनाउन सकिन्छ ।

*कीर्तिपुर क्रिकेट मैदान, सम्भावनाको केन्द्र*

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय अन्तर्राष्ट्रिय क्रिकेट मैदान नेपालको खेलकुद भविष्यको प्रतीक बन्न सक्ने स्थान हो । तर, अहिले यसको अवस्था अन्तर्राष्ट्रिय मापदण्डअनुसार छैन । दर्शक सुविधा, प्रसारण प्रविधि, खेल मैदानको गुणस्तर सबै क्षेत्रमा सुधार आवश्यक छ ।

यदि यसलाई आधुनिक प्रविधि सहित स्तरोन्नति गरियो भने नेपालले अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिता आयोजना गर्न सक्छ, जसले आर्थिक र कूटनीतिक दुवै लाभ दिन्छ । यो केवल एउटा मैदानको सुधार होइन, यो नेपाललाई अन्तर्राष्ट्रिय खेल नक्शामा स्थापित गर्ने अवसर हो ।

*क्रिकेट कूटनीति: सानो देश, ठूलो प्रभाव*

नेपाल क्रिकेट संघ (क्यान) को पछिल्लो सफलताले विश्वको ध्यान नेपालतर्फ तानेको छ। क्रिकेट अब केवल खेल मात्र होइन, कूटनीतिक माध्यम पनि बन्न सक्छ । भारत, पाकिस्तान, अफगानिस्तान जस्ता देशसँग द्विपक्षीय श्रृंखला आयोजना गर्दा खेलकुदसँगै कूटनीतिक सम्बन्ध पनि सुदृढ हुन्छ ।

यसरी क्रिकेटलाई रणनीतिक रूपमा प्रयोग गर्न सके नेपालले आफ्नो अन्तर्राष्ट्रिय छवि मजबुत बनाउन सक्छ । सानो देश भए पनि ठूलो प्रभाव पार्न सकिने क्षेत्र यही हो ।

*खेलाडी पलायन रोक्न: संरचनात्मक सुधार आवश्यक*

नेपालका धेरै प्रतिभाशाली खेलाडीहरू आफ्नो भविष्य सुरक्षित गर्न विदेशिन बाध्य छन् । कारण स्पष्ट छ, नियमित प्रतियोगिता छैन, पारिश्रमिक सुनिश्चित छैन, र खेलबाट जीवन धान्न सक्ने अवस्था छैन ।

यदि वर्षभरि सञ्चालन हुने लिग प्रणाली, केन्द्रीय करार र समयमै पुरस्कार वितरणको व्यवस्था गरियो भने खेलाडीहरूले खेललाई पेशाको रूपमा लिन सक्नेछन् । खेलाडीलाई सुरक्षा, सम्मान र स्थायित्व दिनु नै खेलकुद विकासको पहिलो शर्त हो ।

धारहरू इमान्दारीपूर्वक लागू गर्न सकियो भने, आज समस्यामा रहेको संघ संरचना नै भोलि नेपालको खेलकुद विकासको सबैभन्दा बलियो आधार बन्न सक्छ ।

*संघहरूको अवस्था: समस्या र यथार्थ*

नेपालका खेलकुद संघहरू: जस्तै फुटबल, क्रिकेट, भलिबल, एथलेटिक्स, बक्सिङलगायत देशको खेल विकासको मेरुदण्ड हुनुपर्ने संस्थाहरू हुन् । तर, व्यवहारमा यी संस्थाहरू अहिले पनि अपेक्षित रूपमा प्रभावकारी बन्न सकेका छैनन्। खेलाडी, प्रशिक्षक र सरोकारवालाहरूले दैनिकरूपमा भोगिरहेका समस्याहरूले यसको वास्तविक अवस्था स्पष्ट पार्छन् ।

सबैभन्दा ठूलो समस्या राजनीतिक हस्तक्षेप हो। संघहरूको नेतृत्व प्रायः खेलकुद दक्षता वा व्यवस्थापन क्षमताको आधारमा होइन, राजनीतिक पहुँचका आधारमा तय हुने गरेको देखिन्छ । यसले निर्णय प्रक्रियालाई प्रभावित पार्छ र खेलकुदको दीर्घकालीन हितभन्दा व्यक्तिगत वा समूहगत स्वार्थ हावी हुन्छ । यसको समाधानका लागि खुला प्रतिस्पर्धाबाट पेशागत नेतृत्व चयन गर्ने र सीईओ आधारित व्यवस्थापन प्रणाली लागू गर्ने अपरिहार्य छ ।

दोस्रो, वित्तीय अपारदर्शिता गम्भीर समस्या बनेको छ । धेरै संघहरूमा बजेट कसरी खर्च भयो भन्ने स्पष्ट जानकारी सार्वजनिक हुँदैन । यसले विश्वासको संकट सिर्जना गर्छ र निजी क्षेत्रको लगानी पनि आकर्षित हुन सक्दैन। यसको समाधानका लागि डिजिटल वित्तीय प्रणाली, अनिवार्य वार्षिक प्रतिवेदन र स्वतन्त्र लेखापरीक्षण लागू गर्नुपर्छ।

तेस्रो, दीर्घकालीन योजना र संरचना अभाव छ । धेरै संघहरू कार्यक्रम केन्द्रित छन्, प्रणाली केन्द्रित छैनन्। प्रतियोगिता आयोजना गरिन्छ, तर त्यसले खेलाडी विकासको स्पष्ट मार्ग तयार गर्दैन। समाधानका रूपमा ग्रासरुटदेखि इलाइटस्तरसम्मको स्पष्ट मार्ग, वार्षिक प्रतियोगिता क्यालेन्डर र परफरमेन्स बेस्ड योजना आवश्यक छ । चौथो, वैज्ञानिक प्रशिक्षण र प्रविधिको अभाव देखिन्छ । खेलाडीहरू अझै पनि आधुनिक डाटा विश्लेषण, खेलकुद विज्ञान र चोट व्यवस्थापन (डाटा एनालाइसिस, स्पोर्टस् साइन्स, न्युट्रेशन र इन्जुरी म्यानेजमेन्ट)बाट बञ्चित छन्। यसलाई सुधार गर्न खेल विज्ञानको एकीकरण, डिजिटल प्रदर्शन ट्र्याकिङ र प्रशिक्षकहरूको अन्तर्राष्ट्रियस्तरको तालिम अनिवार्य बनाउनु पर्छ ।

पाँचौं, प्रतियोगिता र अवसरको कमीका कारण खेलाडीहरूको क्षमता पूर्णरूपमा विकास हुन पाउँदैन । नियमित लिग प्रणाली नहुँदा खेलाडीहरू निरन्तर प्रतिष्पर्धामा रहन सक्दैनन् । यसको समाधान वर्षभरि सञ्चालन हुने लिग प्रणाली (इयर राउण्ड लिग), फ्रेन्चाइज मोडेल र केन्द्रीय सम्झौता प्रणाली हो, जसले खेलाडीलाई स्थायित्व र प्रेरणा दिन्छ ।

यी सबै समस्याहरूको जडमा एउटा साझा कारण छ, कमजोर गभर्नेन्स र उत्तरदायित्वको अभाव। जबसम्म संघहरूलाई स्पष्ट जिम्मेवारी, मापनयोग्य लक्ष्य (केपीआई) र मूल्यांकन प्रणालीमा बाँधिदैन, तबसम्म सुधार सतही मात्र रहन्छ।

अतः अबको सुधार केवल संरचनात्मक परिवर्तन मात्र होइन, संस्कृति परिवर्तन पनि हुनुपर्छ। जहाँ खेलकुद संस्थाहरू शक्तिकेन्द्र होइन, सेवा केन्द्र बन्छन्। जहाँ नेतृत्व पद होइन, जिम्मेवारी बन्छ; र जहाँ खेलाडी नै प्रणालीको केन्द्रमा रहन्छ।

यदि यी सुधारहरू इमानदारीपूर्वक लागू गर्न सकियो भने, आज समस्यामा रहेको संघ संरचना नै भोलि नेपालको खेलकुद विकासको सबैभन्दा बलियो आधार बन्न सक्छ।

*समाधान: वैज्ञानिक र संरचनात्मक सुधार*

समस्या जटिल भए पनि समाधान स्पष्ट छन् । पहिलो, खेल प्रशासनलाई पूर्णरूपमा पेशागत बनाउनुपर्छ । प्रमुख कार्यकारी (सीईओ) आधारित प्रणालीले जिम्मेवारी र उत्तरदायित्व दुवै सुनिश्चित गर्न सक्छ । दोस्रो, खेलकुदलाई डेटा र प्रविधिसँग जोड्नु पर्छ । खेलाडीको प्रदर्शन मापन, प्रतिभा पहिचान र प्रशिक्षण प्रणालीलाई वैज्ञानिक बनाउनुपर्छ।

तेस्रो, वित्तीय पारदर्शिता सुनिश्चित गर्न डिजिटल प्रणाली र स्वतन्त्र लेखापरीक्षण आवश्यक छ। यससँगै, नियमित प्रतियोगिता संरचना र मानव स्रोत विकास कार्यक्रमले खेलकुदलाई दीर्घकालीन रूपमा सुदृढ बनाउँछ ।

*खेलकुद हब बन्ने अवसर*

नेपालको भौगोलिक विविधता, सांस्कृतिक समृद्धि र प्राकृतिक स्रोतले यसलाई दक्षिण एशियाको खेलकुद हब बन्ने सम्भावना दिन्छ । यदि अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना, खेल पर्यटन र प्रशिक्षण केन्द्रहरू विकास गर्न सकियो भने नेपालले क्षेत्रीय नेतृत्व लिन सक्छ । "प्ले इन नेपाल" भन्ने अवधारणा केवल नारा होइन, यो आर्थिक र कूटनीतिक रणनीति बन्न सक्छ ।

*निष्कर्ष: अबको बाटो*

नेपालको खेलकुद अहिले निर्णायक मोडमा उभिएको छ । अबको नेतृत्वले यदि राजनीतिक हस्तक्षेप अन्त्य गर्दै पेशागत, पारदर्शी र वैज्ञानिक प्रणाली लागू गर्न सके भने नेपालले खेलकुद क्षेत्रमा नयाँ इतिहास लेख्न सक्छ र नेपाललाई लोकप्रिय बनाउनेछ ।

## गृहमन्त्रीलाई कारबाही . . . . .

सन्देश संवाददाता

त्यस्तै, बालेन शाह नेतृत्वको सरकारलाई मन्त्री नियुक्ति र बर्खास्तीलाई 'कच्चा र अमर्यादित खेल' नबनाउन सचेत गराउँदै क्याबिनेट गठनलाई गम्भीर राजनीतिक तथा नैतिक विषयका रूपमा लिनुपर्ने उल्लेख गरिएको छ।

जिम्मेवार नेतृत्वले परिपक्वता, दूरदर्शिता र जवाफदेहिता प्रदर्शन गर्नुपर्ने मागसमेत गरिएको छ।

'यो कुनै साधारण सरकार होइन, यो ७६ जना शहीदहरूको रक्तबलिदानबाट प्राप्त जनादेशको प्रतिनिधित्व हो,' वक्तव्यमा भनिएको छ, 'जनताको त्यागमाथि सस्तो राजनीति स्वीकार्य हुँदैन ।'

यसैबीच, विवादास्पद व्यापारी दीपक भट्टसँग गुरुङको साझेदारी सार्वजनिक भएपछि उनी विवादमा तानिएका छन् ।

सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धानका क्रममा प्रहरी हिरासतमा रहेका भट्ट समूहसँग जोडिएको भनिएको स्टार माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेडमा गुरुङको लगानी रहेको खुलेको हो ।

सार्वजनिक विवरणमा उल्लेख भए अनुसार उक्त कम्पनीमा २५ लाख रुपैयाँ बराबरको सेयर गृहमन्त्री गुरुङको नाममा रहेको भनिएको छ।

## वर्षाले प्रभावित पहिलो टी-२० मा नेपालमाथि युएईको जित




सन्देश संवाददाता

वर्षाले प्रभावित नेपाल विरूद्धको पहिलो टी-२० खेलमा युएई विजयी भएको छ । सोमबार कीर्तिपुरस्थित त्रिवि मैदानमा युएईले नेपालमाथि ६ विकेटको जित निकालेको हो। वर्षाका कारण १० ओभरमा ७८ रनको लक्ष्य पछ्याएको युएईले ८.५ ओभरमा ४ विकेट गुमाएर लक्ष्य पूरा गर्‍यो ।

युएईका लागि कप्तान तथा ओपनर मोहमद वासीमले १५ बलमा ३३ रन जोडे । उनले पहिलो ओभरमा डेब्यू खेलाडी हेमन्त धामीलाई २० रन प्रहार गरेका थिए। बलिङमा नेपालमा सन्दीप लामिछानेले ३ विकेट लिए। उनले ८ रन खर्चिएर ३ विकेट लिए ।

कीर्तिपुरस्थित त्रिवि मैदानमा टस जितेर ब्याटिङ गरेको नेपालले १८.५ ओभरमा ८ विकेटको क्षतिमा १२२ रन बनाएर खेलिरहंदा वर्षाले खेल रोकिएको थियो। जसका कारण खेल १० ओभरमा झारियो। नेपालले खराब ब्याटिङ गर्दा लगातार विकेट गुमाएको थियो । तेस्रो ओभरमा अर्जुन साउद १३ रनमा बोल्ड भए। जुनइद सिद्धिकीबाट बोल्ड हुनुअघि उनले ११ बलमा ३ चौका प्रहार गरेका थिए।

दुई ओभरपछि सन्दीप जोरा पनि ६ रन बनाएर पेभिलियन फर्किए। पावरप्लेमा तेस्रो विकेट गुमाउने क्रममा कुशल भुर्तेल छैटौं ओभरमा रनआउटको शिकार बने। उनले ९ बलमा १ चौका र १ छक्काको मद्दतमा १६ रन बनाए । कुशल मल्लले २१ बलमा १ चौकाको मद्दतमा १७ रन बनाउन सके । उनी ११ औं ओभरमा जुबइरको एलबिडब्लूको धरापमा परे ।

त्यसपछि बसिर अहमद ११ बलमा १४ रन जोडेर आउट भएका थिए । गुल्सन झाले १ रन मात्र जोड्न सके । त्यतिबेला नेपालले १६ ओभर चल्दै गर्दा छैटौं विकेट गुमाएको थियो ।

सुस्त ब्याटिङ भइरहेको बेलमा नन्दन यादवले ७ बलमा २ छक्का प्रहार गरेर १३ रन जोडेका थिए । उनी १७ औं ओभरमा दुई छक्का प्रहार गरे लगत्तै क्याच भए। अर्को ओभरमा शेर मल्ल शून्यमा आउट भएका थिए। खेलमा कप्तान दीपेन्द्रसिंह ऐरी ३२ रन र सन्दीप लामिछाने २ रन बनाएर खेलिरहेका थिए । बलिङमा युएईका जुहइबले ३ विकेट लिएका थिए ।


**नेपाली टिमः**

कुशल भुर्तेल, अर्जुन साउद (विकेटकिपर), सन्दीप जोरा, कुशल मल्ल, दीपेन्द्रसिंह ऐरी (कप्तान), बसिर अहमद, गुल्सन झा, नन्दन यादव, शेर मल्ल, सन्दीप लामिछाने, हेमन्त धामी ।

नेपालले आइसिसी मेन्स क्रिकेट विश्वकप लिग-२ को सिरिजअघि त्रिवि मैदानमा युएईसँग टी-२० सिरिज खेलेको हो ।

त्यसपछि नेपालले लिग-२ अन्तर्गत दुई महिनामा दुई वटा सिरिज नेपालले आयोजना गर्दैछ । नेपाल, ओमान र युएईबीचको त्रिकोणात्मक एकदिवसीय सिरिजसहित नेपाल, अमेरिका र स्कटल्यान्डबीच सिरिज हुन लागेको हो ।

## फिल्म 'पारी बुटोल' टिजर सार्वजनिक



काठमाडौं/गणेशदेव पाण्डे निर्देशित फिल्म 'पारी बुटोल'को टिजर युट्युबमा सार्वजनिक भएको छ। निर्माताले प्रदर्शन मिति उल्लेख नगरिकनै पहिलो टिजर दर्शकमाझ ल्याएका हुन् ।

ग्याङस्टर जनरामा आधारित फिल्मको टिजरमा प्रमुख पात्रको लुक्स, चरित्र र कथालाई संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ। अहिलेका चर्चित त्यापर भियोमाको हिपहप ट्र्याकलाई टिजरको नेपथ्यमा प्रस्तुत गरिएको छ । अभिनय, महेश पौडेलको छायांङन, जटावेदा बेनर्जीको ब्याकग्राउन्ड म्युजिक र भियोमाको गीतले टिजरलाई आकर्षक तुल्याएको छ।

पटकथा लेखक तथा निर्देशक पाण्डेले यो फिल्म ग्याङ्स्टरभन्दा पनि पात्रको परिवार, संघर्ष र सफलता हासिल गर्न उनीहरूले गर्ने चलखेलको कथावस्तु रहेको बताए।


बुटवलमा छायांकन गरिएको फिल्मले त्यहाँको वास्तविक परिवेशलाई समेटेको निर्देशक पाण्डेको भनाइ छ। पात्रहरू त्यहाँकै स्थानीय बासिन्दा र उनीहरूको भोगाइबाट प्रेरित रहेको जनाइएको छ।

बोलीचालीदेखि शारीरिक हाउभाउसम्मलाई वास्तविक जीवनका घटना र अनुभवबाट लिइएको जनाउँदै पाण्डेले कथाको सत्यतालाई थप गहिरो बनाउँदै दर्शकसँग सिधै जोड्ने विश्वास लिएको बताए।

ल्याक्सी श्रेष्ठले निर्माण गरेको फिल्ममा मनीषा अधिकारी सह-निर्माताको रूपमा छन्। अनुप बराल, दीया मास्के, कामेश्वर चौरासिया, दिव्यदेव पन्त, सुवर्ण थापा, निरिक्षा घतानी, तुफान थापा, अविरलप्रताप अधिकारी, किरण श्रेष्ठ, सुयोग तिमल्सिना, सुशील सिटौला, विक्रम श्रेष्ठको अभिनय छ ।

फिल्म बुटवलमा छायांकन गरिएको छ र त्यहाँको वास्तविक परिवेश र भोगाइ समेटिएको छ ।

## 'राम नाम सत्य' ले पौने ३ करोड कमाउँदा 'पहाड'ले कति कमायो ?





काठमाडौं/चलचित्र विकास बोर्डले पछिल्लो शनिबारसम्मको प्रदर्शनरत फिल्मको कमाइ विवरण सार्वजनिक गरेको छ। जसअनुसार, विराज भट्ट स्टारर 'राम नाम सत्य'ले २ करोड ७८ लाख १८ हजार ८४१ रुपैयाँ ग्रस कमाएको छ।

सोही अवधिमा यो फिल्मका ९७ हजार २०५ वटा टिकट बिकेका छन्। तुलसी घिमिरे निर्देशित फिल्म 'पहाड'को कमाइ निकै कमजोर देखिएको छ । शनिबारसम्म यो फिल्मले ४६ लाख ७६ हजार ६३७ रुपैयाँ ग्रस कमाइ गरेको छ। सोही अवधिसम्म 'पहाड'लाई १४ हजार ३१८ जना दर्शकले हेरेका छन् ।


## मोटरसाईकल हरायो

मिति २०८३ बैशाख ०३ गते अं.२०:०० बजेदेखि पछिको समयमा हेटौंडा-४ हुप्राचौर लांघाली होटल अगाडि पार्किङ गरी राखेको हाम्रो निम्न व्यहोरा भएको (पल्सर १५० सिसिको) मोटरसाईकल हराएको हुनाले पाउनु हुने वा देख्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल दिइएको ठेगाना तथा सम्पर्क नम्बरमा जानकारी गराई दिनुहुन हार्दिक अनुरोध गर्दछु ।


**सवारी धनीको नाम** : लक्ष्मी कृषि अटो ईञ्जिनियरिङ वर्क्स
**ठेगाना** : हेटौंडा-१०, मकवानपुर
**सवारी नं.** : बा.प्र.०३-००६ प.३१८७
**सवारी साधनको रङ्ग** : Sprk Net Black Blue-150
**च्याचिस नम्बर** : MD2A11CX8SP1370534
**इञ्जिन नम्बर** : DHXPS1330745
**सम्पर्क नम्बर** : ९८६५०४८५५१







## आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईंको मुल्यमा पाउनु हुनेछ। स्थानः रातोमाटे भोर्ले ।
**सम्पर्क नं.** : ९८४५०२८५०८, ९८४५०३१३४७

# विश्वविद्यालयमा दलीय राजनीति निषेध गर्न प्रमको निर्देशन

सन्देश संवाददाता

काठमाडौं/प्रधानमन्त्री बालेन्द्र शाहले विश्वविद्यालय र स्वास्थ्य क्षेत्रका शैक्षिक संस्थाहरूमा दलीय विद्यार्थी र कर्मचारी संगठनका संरचना हटाउने निर्णय तत्काल कार्यान्वयन गर्न निर्देशन दिएका छन्। उनले सोमबार विश्वविद्यालय र प्रतिष्ठानहरूमा कुनै पनि बहानामा राजनीति गर्न नहुने अडान लिँदै दलीय विद्यार्थी र कर्मचारी संगठनका संरचना हटाउन उपकुलपतिहरूलाई निर्देशन दिएका हुन्।



प्रधानमन्त्री शाहले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोमबार देशभरिका विश्वविद्यालय र प्रतिष्ठानका उपलकुलपतिहरूसँग साढे ३ घण्टासम्म समसामियक विषयमा छलफल गरेका थिए।

त्यस क्रममा उनले राजनीतिक दलसँग आबद्ध विद्यार्थी तथा कर्मचारी संगठनहरूको संरचना हटाउन कुनै पनि ऐन बाधक नहुने स्पष्ट पारे।

छलफलमा उपकुलपतिहरूले जेनजी आन्दोलन र चुनावपछि विद्यार्थी राजनीतिक गतिविधि सुस्त भएको र त्यस्ता संगठन हटाउन पहल भइरहेको बताएका थिए। नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा डा धनेश्वर नेपालले विद्यार्थीको राजनीति हस्तक्षेप, आक्रमण र तालाबन्दी हटाउनुपर्ने माग गरे।

उनले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्देशनअनुसार विद्यार्थी संगठन हटाउन खोज्दा उल्टै धम्की आएको गुनासो गरे। जवाफमा प्रधानमन्त्री शाहले कुनै पनि राजनीतिक विद्यार्थी र कर्मचारी संगठन खारेज गर्दा सुरक्षालगायत कुनै पनि समस्या आएमा तुरुन्तै सम्बन्धित मन्त्रालय वा आफ्नो सचिवालयमा खबर गर्न निर्देशन दिए। यस्तै, परीक्षाको नतिजा एक महिनाभित्रै प्रकाशन गर्न निर्देशन समेत दिए।

छलफलमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले ऐनले राजनीतिक दलसँग आवद्ध संगठन खारेज गर्न बाधा नपुर्‍याउने बताए। उनले राजनीतिक संगठन खारेज गर्न निर्देशन दिइसकिएको र सोहीअनुसार काम गर्नुपर्नेमा जोड दिए। मन्त्री पोखरेलले विद्यालय तथा विश्वविद्यालयका ऐनमा 'स्वतन्त्र विद्यार्थी युनियन' को परिकल्पना गरिए पनि त्यसले दलगत विद्यार्थी भन्ने अर्थ मात्र लाउन नहुने धारणा राखे।

छलफलमा त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा डा दिपक अर्यालले जेन्जी आन्दोलन र निर्वाचनपछि विद्यार्थी तथा कर्मचारी संगठन निस्क्रृय बन्दै गएको बताए। मध्यमपश्चिम विश्वविद्यालयका उपलकुपति प्रा डा ध्रुवकुमार गौतमले पनि पछिल्लो समय आफ्नो विश्वविद्यालयमा विद्यार्थी र कर्मचारीका राजनीतिक गतिविधि सेलाउँदै गएको तर कतिपय आङ्गिक क्याम्पसमा विद्यार्थीको राजनीतिक तनाव कायमै रहेको बताए।

पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति प्रा डा विजुकुमार थपलियाले आङ्गिक क्याम्पसहरूमा विद्यार्थी समूहले राजनीति गरिरहेको बताए। सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा डा हेमराज पन्तले थपलियाको कुरामा सहमति जनाए। अन्य विश्वविद्यालय र प्रतिष्ठानका उपकुलपतिहरूले भने आफ्ना संस्थाहरूमा विद्यार्थी र कर्मचारीहरू राजनीति गतिविधिबाट टाढा रहेको उल्लेख गरे। उनीहरूले विश्वविद्यालय र प्रतिष्ठान कडाइका साथ प्रस्तुत भएमा कुनै पनि बहानामा राजनीति नहुने धारणा राखे।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शासकीय सुधारसम्बन्धी कार्यसूचीको बुँदा नं ८६ मा उल्लेख भएअनुसार विश्वविद्यालय हाताबाट दलीय विद्यार्थी संगठनका संरचना हटाउन एवं राजनीतिक दलका भातृ संगठनका रूपमा विश्वविद्यालयमा स्थापना भएका विभिन्न विद्यार्थी संगठनका गतिविधि निस्तेज गर्न यसअघि नै निर्देशन दिइसकेको छ।

सरकारको शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीमा शिक्षा क्षेत्रमा दलीय हस्तक्षेप, विद्यार्थीको वास्तविक आवाज नसमेटिने र शैक्षिक गुणस्तर गिरावटको समस्या समाधान गर्न विद्यालय, विश्व विद्यालय हाताबाट दलीय विद्यार्थी संगठनका संरचना हटाउने उल्लेख गरिएको छ।

यस्ता संरचनाहरु हटाई 'विद्यार्थी परिषद् वा विद्यार्थीको आवाज' नामको संयन्त्रको विकास गरिसने उल्लेख छ।

*नेपालको खाद्य तथा आतिथ्य क्षेत्रमा नयाँ युगको सुरुवात :*

# 'FBH २०२६' व्यापारिक रूपमा उदाउँदै




सन्देश संवाददाता

काठमाडौं/नेपालको खाद्य, पेय पदार्थ र आतिथ्य (हस्पिटालिटी) उद्योग हाल एक ऐतिहासिक र महत्वपूर्ण क्षणको सँघारमा उभिएको छ। बिगत दुई दशकमा रेस्टुरेन्ट, होटल, क्याटरिङ र खाद्य प्रशोधन व्यवसायमा आएको व्यापक विस्तारले नेपालीहरूको जीवनशैली, खानपान र उत्सव मनाउने शैलीमा आमुल परिवर्तन ल्याएको छ।

यसै सन्दर्भमा, सन् २०२६ मा आयोजना हुने 'GAI Food & Beverage and Hospitality (FBH) २०२६' एक्स्पो यस क्षेत्रको भविष्य निर्धारण गर्ने मुख्य मञ्चको रूपमा हेरिएको छ। नेपालको यो क्षेत्र हाल निकै उत्साहजनक गतिमा अघि बढिरहेको छ। नेपालभर २५,५०० भन्दा बढी खाद्य तथा पेय पदार्थका प्रतिष्ठानहरू सञ्चालनमा छन्। यस क्षेत्रले झण्डै ९४,००० नागरिकलाई प्रत्यक्ष रोजगारी प्रदान गरेको छ।

सन् २०२३ मा पर्यटक आगमनको संख्या १२ लाख नाघेको छ। आगामी दुई वर्षभित्र २५ भन्दा बढी नयाँ तारे होटलहरू सञ्चालनमा आउने तयारीमा छन्, जसले फाइन डाइनिंग र विलासी आवासको मागलाई ह्वात्तै बढाएको छ।

यस क्षेत्रको गतिलाई विश्वव्यापी ट्रेन्डहरूले नयाँ आकार दिइरहेका छन्। अबको उद्योगमा निम्न कुराहरूले प्राथमिकता पाउनेछन्। स्थानीय स्रोतको प्रयोग, अर्गानिक उत्पादन र फोहर न्यूनीकरणमा विशेष जोड दिइनेछ। QR कोड मेनु, क्लाउड किचेन र AI (कृत्रिम बौद्धिकता) द्वारा सञ्चालित होटल सेवाहरू अहिले मुख्यधारमा प्रवेश गरिरहेका छन्।

पर्यटकहरू अहिले पाक यात्रा (Culinary Journeys), योग रिट्रिट र विलासी एडभेन्चर जस्ता अनुभव खोजिरहेका छन्। नेपाली स्पेसालिटी कफी, क्राफ्ट बियर र हर्बल इन्फ्युजनहरू अब जीवनशैलीका उत्पादन मात्र नभई निर्यातका लागि बलिया प्रतिस्पर्धी बन्दै छन्।

उद्योगको विकासमा राजनीतिक स्थिरताको ठूलो भूमिका देखिएको छ। नेपालमा हालै भएको राजनीतिक क्रान्तिले नियमनको सहजता, सुशासन र उद्योगमैत्री प्रोत्साहनमार्फत यस क्षेत्रलाई अभूतपूर्व वृद्धितर्फ अग्रसर गराउने अपेक्षा गरिएको छ।

*यो एक्स्पो विभिन्न व्यावसायिक समूहका लागि साझा र रणनीतिक मञ्च हुनेछ :*

१. आतिथ्य व्यवसायीका लागि: होटल, रिसोर्ट, रेस्टुरेन्ट र क्याफे सञ्चालकहरूका लागि यो डिजाइन, सजावट, हाउसकिपिङ, किचनवेयर र प्रविधिका नवीनतम कुराहरू पत्ता लगाउने अवसर हो। यसलाई 'आतिथ्य व्यवसायीहरूको सबैभन्दा ठूलो वार्षिक जमघट' मानिएको छ।

२. खुद्रा व्यापारीका लागि: सुपरमार्केट र किराना पसलका सञ्चालकहरूले नयाँ आपूर्तिकर्ता भेट्ने, प्रतिस्पर्धी मूल्यमा मोलभाउ गर्ने र समयमै सामान भण्डारण सुनिश्चित गर्ने दुर्लभ अवसर पाउने छन्।

३. खाद्य उत्पादकहरूका लागि: बेकर, ब्रुअर र प्रशोधनकर्ताहरूका लागि आफ्नो वितरण सञ्जाल विस्तार गर्ने र नयाँ प्याकेजिङ एवं मेसिनरी प्रविधिहरू अन्वेषण गर्ने यो रणनीतिक थलो हो।

*नेटवर्किङको व्यापारिक ठेगाना*

सन् २०२४ को सफलतालाई हेर्दा, जहाँ ५,००० भन्दा बढी ब्रान्ड र ३०,००० भन्दा बढी आगन्तुकहरूको सहभागिता थियो, २०२६ को संस्करण अझ बृहत् हुने निश्चित छ। एक्स्पोमा हुने 'Special Preview Mocktail Receptions' र 'Retailers Brunch Meet' जस्ता कार्यक्रमले व्यावसायिक अन्तरक्रियालाई थप प्रभावकारी बनाउने छन्।

होटल व्यवसायीदेखि उत्पादकसम्म सबैलाई एउटै छानामुनि ल्याउने यो एक्स्पो नेपालको खाद्य र आतिथ्य उद्योगको वास्तविक 'व्यापारिक ठेगाना' बनेको आयोजनले दावी गरेको छ। यस्तो प्रदर्शनीले होटल ब्यवसायलाई निकै मद्दत पुग्नेछ।

कार्यक्रमको मुख्य नाराले नै यसको महत्वलाई प्रष्ट पार्छ– 'प्रत्यक्ष भेटघाट व्यवसाय गर्ने एकमात्र प्रभावकारी तरिका।'

# सम्पत्ति विवादबारे गृहमन्त्री गुरुङ र रवि लामिछानेबीच भेटघाट

सन्देश संवाददाता

काठमाडौं/सुधन गुरुङले पार्टी सभापति रवि लामिछानेसँग भेटवार्ता गरेका छन्। गृहमन्त्रीको सम्पत्ति स्रोत र सेयर लगानीबारे उठेका प्रश्नबीच दुवैबीच छलफल भएको हो।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) स्रोतका अनुसार आइतबार राति करिब ८ बजे गृहमन्त्री गुरुङ सभापति लामिछानेको बुढानील कण्ठस्थित निवास पुगेका थिए। भेटमा गृहमन्त्रीको सम्पत्ति विवरण, सेयर खरिद र व्यावसायिक सम्बन्धबारे सोधपुछ भएको बताइएको छ।

गृहमन्त्री गुरुङमाथि सम्पत्ति शुद्धीकरण अनुसन्धानमा रहेका व्यवसायी दीपक भट्टसँग 'साँठगाँठ' रहेको आरोप लाग्दै आएको छ। साथै, मन्त्री नियुक्त हुनुअघि करिब ५० दिनको अवधिमा उनले ५० लाख रुपैयाँभन्दा बढीको सेयर दोस्रो बजारबाट खरिद गरेको विवरण सार्वजनिक भएपछि विवाद चर्किएको हो।

त्यसैगरी, भट्ट समूहसँग सम्बन्धित कम्तीमा दुई वटा लघु बीमा कम्पनीमा गुरुङको थप ५० लाख रुपैयाँ बराबरको संस्थापक सेयर लगानी रहेको तथ्य बाहिर आएपछि पार्टी नेतृत्वले चासो दिएको हो। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बुझाइएको सम्पत्ति विवरणमा उक्त सेयर उल्लेख नगरिएको विषयलेसमेत बिभिन्न खाले शंकाहरु उत्पन्न गरेको छ।

सभापतिसँगको भेटमा गृहमन्त्री गुरुङले आफूले वैध स्रोतबाटै सेयर खरिद गरेको दाबी गर्दै बैंकिङ कारोबारसम्बन्धी विवरण प्रस्तुत गरेको रास्वपाका एक नेताले जानकारी दिए। यद्यपि, उनले दिएको स्पष्टीकरणपछि पनि पार्टीको अनुशासन आयोगले विषयबारे थप अध्ययन गरिरहेको बताइएको छ।

यसैबीच, सोमबार अपराह्न ३ बजे बस्ने रास्वपाको केन्द्रीय समिति बैठकमा पनि यस विषयमा छलफल हुने नेताहरूले बताएका छन्। पार्टी स्रोतका अनुसार गृहमन्त्रीले देखाएको विवरणको अध्ययन गरिनेछ र तथ्यविपरीत देखिए कारबाहीबाट जोगिने अवस्था नहुने स्पष्ट पारिएको छ।

गृहमन्त्री गुरुङको सचिवालयले भने उठेका सबै प्रश्नको जवाफ दिने तयारी भइरहेको जनाएको छ। सचिवालयका अनुसार उनीमाथि कुनै कानुनी आरोप नरहेको र उनले कुनै पनि गलत काम नगरेको सचिवालयले दाबीसमेत गरिएको छ।

# बृहत् पाशुपत पदयात्री मकवानपुरको थाहानगर भित्रिए



सन्देश संवाददाता

बृहत् पाशुपत पदयात्रा अन्तर्गत पदयात्रीहरु मकवानपुरको थाहा नगरपालिका भित्रिएका छन्। १६ चैतबाट सुरु भएको शिद्धलिङ्ग परिक्रमाका क्रममा विभिन्न सिद्धलिङ्गको दर्शन तथा विशेष पूजा गरी ७ वैशाखमा थाहा नगर पालिकाको चित्लाङस्थित खर्कबाट थाहानगर प्रवेश गरेका हुन्।

६४ सिद्धलिङ्गको विशेष पूजा-आराधनाको लक्ष्यसहित दर्जनौं साधुसन्त, साधक तथा तीर्थयात्री सहभागी उक्त पदयात्रीहरुले थाहानगरको चम्पेश्वर, नन्दीकेश्वर, गौखुरेश्वर, पाण्डुकेश्वर र कुटेश्वरमा पुजाआजा गर्ने कार्यक्रम छ। सो क्रममा शिवलिङ्गको माहात्म्य तथा आध्यात्मिक प्रवचनसमेत हुने कार्यक्रम छ।

७ वैशाखमा चित्लाङको खर्कबाट प्रवेश गरेका पैदलयात्रीलाई चित्लाङ स्थित विसिंङ्खेलको चम्पाकेश्वर मन्दिरमा स्वागत गर्ने कार्यक्रम छ। स्थानीय नेवारी बाजागाजासहित क्षेत्र विकास समितिका पदाअधिकारी जनप्रतिनिधी हरु र स्थानीयले स्वागत गरेका थिए। चम्पाकेश्वर मन्दिरको पुजा पश्चात् बज्रवारही स्थित नन्दीकेश्वर आइपुग्ने टोलिका एक सदस्य केदार न्यौपानेले बताए। त्यहाँ पनि स्थानीय जनप्रतिनीधिसहित स्थानीय र मन्दिर संरक्षण समितिले स्वागत गरेका थिए। त्यस दिन तिर्थयात्रीहरु मन्दिर परिसरमै बसेका थिए।

त्यस्तै १० वैशाख बिहान गौखुरेश्वर दर्शन तथा पुजाआजा गरेर पाण्डुकेश्वरका लागि यात्रा तय गर्ने कार्यक्रम छ। गौखुरेश्वरमा पनि स्थानीय बाजागाजासहित स्वागत तथा सम्मानको कार्यक्रम तय भएको छ। पाण्डुकेश्वरका लागि हिँडेका पैदल यात्रीहरुलाई थाहानगरको ओखर बजारमा बिहान ११ बजे बाजागाजासहित स्वागत गर्ने कार्यक्रम छ। टोली १० वैशाख साँझ पाण्डुकेश्वरमै पुजाआजासहित बास बस्ने कार्यक्रम छ।

बृहत् पाशुपत पदयात्रा अन्तर्गतका पदयात्रीहरुलाई गरिने स्वागत तथा सम्मान कार्यक्रममा उपस्थितीका लागि थाहा नगर पालिकाले अनुरोध गरेको छ। यस किसिमको कार्यक्रमले धार्मिक पर्यटनमा समेत टेवा पुग्ने नगर पालिकाले अपेक्षा राखेको छ।

पदयात्राले पाशुपत क्षेत्रको संरक्षण, धार्मिक-आध्यात्मिक समन्वय प्रवर्द्धन, प्रदूषण नियन्त्रणका लागि सचेतना र मठ-मन्दिर व्यवस्थापनमा सरोकारवालासँग संवाद गर्ने उद्देश्य राखेको छ। साथै, वाग्मती परिक्रमा, पशुपति संवाद लगायतका कार्यक्रमसमेत सञ्चालन गरिने जनाइएको छ।

# निकुञ्जमा वन्यजन्तु उद्धार केन्द्र सञ्चालन

सन्देश संवाददाता

वीरगञ्ज/पर्सा राष्ट्रिय निकुञ्ज मा वन्यजन्तु संरक्षणलाई थप प्रभावकारी बनाउन उद्धार केन्द्र सञ्चालनमा ल्याइएको छ। ३१ औं वन्यजन्तु सप्ताह २०८३ को अवसरमा आयोजित कार्यक्रममा सञ्चार कर्मीसँग अन्तरक्रिया गर्दै निकुञ्ज प्रशासनले संरक्षण अभियानलाई नयाँ उचाइमा पुर्‍याउने प्रतिबद्धता जनाएको हो।

"सुरक्षित मानिस, संरक्षित वन्यजन्तु" भन्ने सन्देशलाई व्यवहारमा उतार्ने लक्ष्यसहित स्थापना गरिएको उक्त उद्धार केन्द्र (हात्तीसार) ले घाइते, बस्तीमा छिरेका वा जोखिममा परेका वन्यजन्तुको उद्धार, उपचार र पुन:स्थापनामा महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत रामचन्द्र खतिवडा ले संरक्षणमा समुदायको बढ्दो सहभागितालाई सकारात्मक संकेतका रूपमा व्याख्या गर्दै विकास र संरक्षणबीच सन्तुलन कायम गर्नु अहिलेको प्रमुख आवश्यकता भएको बताए। उद्धार केन्द्रको उद्घाटन राजन पौडेल, जीतपुरसिमरा उपमहानगर पालिका का नगर प्रमुखले गरेका हुन्। सहकार्य सुदृढ गर्नुपर्नेमा जोड दिँदै आवश्यक परे नगर प्रहरी तथा पशु चिकित्सकमार्फत सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे।

# गाउँमै कृषि संकलन तथा बिक्री केन्द्र स्थापना

सन्देश संवाददाता

जुम्ला/जुम्लामा उत्पादित मौसमी तथा बेमौसमी कृषिउपज बजार अभावले गाउँमै थन्किने गरेका छन्। बजारीकरण अभावमा उत्पादित वस्तु बिक्री गर्न डोकोमा बोकेर बजारका गल्ली गल्ली चर्हानुपर्ने किसानको बाध्यता छ। अब भने जुम्लाको चन्दननाथ नगर पालिका-९ उम्गाडमा कृषिउपज संकलन तथा बिक्री केन्द्र स्थापना भएसँगै किसानको समस्या समाधान भएको छ। यसअघि पातारासी क्षेत्रमा कृषि उपज अत्यधिक उत्पादन भए पनि बजार अभाव थियो।

बजारका गल्ली गल्ली डुलाउनु भन्दा उनीहरूले सस्तोमै तरकारी दिने गरेका थिए। जसले गर्दा किसानको श्रम र लगानी खेर गईरहेको थियो।

दातृ संस्था तथा स्थानीय तहको लगानीमा उत्पादनवृद्धिका कार्यक्रम सञ्चालन भए पनि बजारीकरणमा समस्या थियो। जुम्लाको चन्दननाथ नगरपालिका-९ उम्गाडमा कृषिउपज संकलन तथा बिक्री केन्द्र स्थापना भएको छ। ग्रामीण बजारमा स्थापना भएको यस संकलन केन्द्रले बजारको सुनिश्चितता भएको स्थानीय महिला तारा गिरी बताउँछिन्।

'सिजन अनुसार तरकारी उत्पादन गर्दै आए पनि बजारको समस्या वर्षौंदेखि भोक्दै आएका छौं,' उनले भनिन्, 'रेरास परियोजना र चन्दननाथ नगरपालिकाको संयुक्त लगानीमा संकलन तथा विक्री केन्द्र स्थापना भएपछि अब सहज भएको छ। अब हामीले एकाबिहानै डोकोमा बोकेर तरकारी बोकेर बजार धाउनुपर्ने छैन।

भने कहिलेकाँही बिक्री नै नभएर रित्तै हात पनि फर्किनु पर्नेछैन। दैनिक संकलन केन्द्रमा राख्ने र त्यतैबाट बिक्री गर्ने तयारी छ।'

उम्गाड बजारमा संकलन तथा बिक्री केन्द्र स्थापना भएपछि तारा गिरीजस्तै ग्रामीण क्षेत्रका सयौं महिला किसान उत्साहित छन्। उम्गाडमा स्थापना भएको कृषिउपज संकलन तथा बिक्री केन्द्रको चन्दननाथ नगरपालिका मेयर राजुसिंह कठायतले उद्घाटन गरेका छन्। नर्वे सरकार तथा युएनडीपीको आर्थिक सहयोगमा सञ्चालित रेरास परियोजनाको सहयोग चन्दननाथ नगरपालिकाको सहकार्य र समन्वयमा उमगाड कृषिउपज संकलन तथा बिक्री स्थापना भएको हो।

मेयर कठायतले संकलन केन्द्रलाई दिगो तथा व्यवस्थित गर्न स्थानीय सरकारले विशेष ध्यान दिने बताए। संकलन केन्द्रले गाउँमा मात्रै बिक्री गर्ने नभई अपसिजनमा सुर्खेत नेपालगञ्जका बजारमा तरकारी पुर्‍याउने गरी उत्पादन वृद्धिमा जुट्नुपर्ने उल्लेख गरे। गाउँ महिला बजारका चोकचोकमा डोकोमा तरकारी बेचेर बच्न आएका दृष्यले पनि संकलन केन्द्रको आवश्यकता महशुस गराएकाले संकलन केन्द्र स्थापना भएको उनको भनाइ छ।

उपमेयर रामदेवी खड्काले गाउँमै बजारमा स्थापना भएको संकलन केन्द्रले महिलाको आय आर्जन वृद्धिसंगै कार्यबोझ पनि घटाएको बताइन्। नगर समृद्धिको आधार नै कृषि भएकाले उत्पादन वृद्धि, बजारीकरण तथा संकलन केन्द्र व्यवस्थापन नगरकै जिम्मेवारी रहेको उल्लेख गरिन्।

नगरपालिकाले वार्षिक एक करोड १६ लाख बराबरको अर्गानिक दिवा खाजा खुवाउँदै आएको छ। दिवा खाजा खुवाउने विद्यालयले अब अर्गानिक वस्तु खोज्न पनि भौतारिनुपर्ने नपर्ने देखिएको छ।

युएनडीपी/रेरास परियोजना जुम्ला क्लस्टर संयोजक ऋषिराज वलीले किसानको आयस्तर वृद्धिसँगै बजारीकरणमा भोग्दै आएको झन्झट अन्त्य गर्न संकलन केन्द्र कोसेढुंगा साबित हुने बताए। रेरास परियोजनाले काम गरेका पालिकाका सबै ग्रामीण बजारमा संकलन तथा बिक्री केन्द्र स्थापनाको लक्ष्य राखिएको उनको भनाइ छ।

# पेट्रोलियम पदार्थमा गरिएको मूल्य वृद्धि फिर्ता लिन अध्यक्ष घिसिङको



सन्देश संवाददाता

कर्णाली/उज्यालो नेपाल पार्टी (उनेपा)का अध्यक्ष कुलमान घिसिङले पेट्रोलियम पदार्थमा गरिएको मूल्य वृद्धि फिर्ता लिन सरकार सँग माग गरेका छन्। कर्णाली प्रदेशस्तरीय प्रथम अगुवा कार्यकर्ता भेला तथा संगठन विस्तार कार्यक्रमका क्रममा सोमबार सुर्खेतको वीरेन्द्रनगरमा आयोजित पत्रकार सम्मेलनमा उनले सरकारले कर्णालीलाई इन्धनमा भएको मूल्य वृद्धिमा विशेष सहुलियत दिनुपर्ने बताए।

"कर्णालीमा विकट भूगोल भएकाले आफैँमा खर्चिलो छ। यहाँ बाह्य तथा आन्तरिक पर्यटकको यात्रा तथा आवागमनलाई सहज बनाउन डिजेल, पेट्रोल र ग्यांसजस्ता इन्धनको मूल्य वृद्धि गर्नु हुँदैन," उनले भने, "नजिकको छिमेकी देश भारतले पनि इन्धनमा मूल्य वृद्धि नगरेको भन्दै यसमा सरकारले नागरिकमाथि मूल्य वृद्धिको भार घटाउनुपर्छ र स्तरीकरण गर्न सक्नुपर्छ।"

दुई तिहाइको सरकारलाई काम गर्ने वातावरण बनाउन सहयोग गर्ने अध्यक्ष घिसिङले बताए। नेपाल विद्युत् प्राधिकरणको नेतृत्व गर्दा र सरकारमा रहँदा कर्णालीको विद्युतीकरणमा र 'ट्रान्समिसन लाइन'का लागि करिब ३५ अर्ब लगानी सुनिश्चित गरिएको उनले जिकिर गरे। उनका अनुसार १३२ केभी प्रसारण लाइनको काम जुम्लासम्म भइरहेको छ। छोटो समयमै पार्टी गठनले त्यसको उचित व्यवस्थापन गर्न नपाउँदै चुनावमा जानुपर्ने बाध्यता भएकाले हार व्यहोर्नु परेता पनि अब ठूलो पार्टी भएर आउने बताए।


## ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडाको पुरानो लोकप्रिय ब्लु हेवन टेलर्स सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको शाक्य प्लाजा मा सरेको जानकारी गराउंदछौं।
सदाझै यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं।




## चालु फेन्सी पसल बिक्रीमा

हेटौंडा-४ स्कूलरोडमा रहेको अति चालु अवस्थाको जेन्स फेन्सी पसल विशेष कारणले बिक्री गर्न लागेकोले ईच्छुक खरिदकर्ताले सिधैं सम्पर्क राख्नुहोला।
सम्पर्क :
९८४५०३१७८६, ९८२११४००२२

## आकर्षक घडेरी बिक्रीमा

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिब २०० मिटर पुर्वतर्फ वनखण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ। ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला। आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ।
सम्पर्क नम्बर : ९८४५१२३३६६

## चमेनागृह सञ्चालनको दरभाउपत्र आव्हान

*सूचना प्रकाशित मिति: २०८३/१/८*

**यस उद्योगको कारखाना स्थल लामसुरेस्थित चमेनागृह (क्याण्टिन) दुई बर्षको लागि सञ्चालन गर्न फर्म दर्ता गरेका होटल व्यबसायी वा ईच्छुक व्यक्तिहरुबाट शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ। विस्तृत विवरणसहितको दरभाउपत्र फाराम ईच्छुक दरभाउपत्रदाताले नेपाली नागरिताको प्रतिलिपी, होटल व्यवसायको फर्म दर्ता गरेको भए सोकोसमेत प्रतिलिपीसहित लिखित निवेदन पेश गरी यस उद्योगको कल्याणाकारी विभागबाट प्रतिफाराम रु.१००० (एक हजार रुपैयाँ) फिर्ता नहुने गरी तिरी मिति २०८३/१/२२ गते दिनको १५.०० बजेभित्र खरिद गरी मिति २०८३/१/२३ गते १५.०० बजेभित्र उद्योगको मूल दर्ता फँटमा दर्ता गराई सक्नु पर्नेछ। प्राप्त दरभाउपत्रहरु सोही दिन अपरान्ह १६.०० बजे उपस्थित दरभाउपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिको रोहवरमा उद्योगको कल्याणकारी विभागमा खोलिनेछ। दरभाउपत्र खोल्ने समयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि उद्योगको प्रतिनिधिको रोहवरमा दरभाउपत्र खोल्ने कार्य हुनेछ। दरभाउपत्र फाराम खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन उद्योगमा बिदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिन उल्लेखित समयमा दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने कार्य क्रमश: हुनेछ।**

**हेटौडा सिमेण्ट उद्योग लि.**
केन्द्रीय कार्यालय
लामसुरे, हेटौडा। फोन नं. ४-१२८३६

## आकर्षक जग्गा बिक्रीमा

हेटौंडा उपमहानगरपालिका वडा नं. ८ कमाने फायरलाईनसँगै जोडिएको, सडक छेउमा रहेको ५ कठ्ठा (टुक्र्याउन सकिने) र हेटौंडा रिगल रिसोर्ट बाहिर रहेको १ कठ्ठा आकर्षक तुरुन्त बिक्रीमा छ। ईच्छुक खरिदकर्ताले तुरुन्त सम्पर्क गर्नु होला।
सम्पर्क : ९८४५९७८३५८, ९८४५०३१२१७



प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने